**सुशासन प्रवर्द्धन गरौं**
- कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
- भ्रष्टाचार, अनियमितताविरुद्ध शून्य सहनशील बनौं,
- सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
- राज्य र समाजप्रतिको जिम्मेवारी तथा कर्तव्यबोध गरौं,
- रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
- विकास निर्माणका कार्यमा सहभागिता जनाऔं,
- अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com

**जनहितमा जारी सन्देश**
- आफ्नो घर सफा राखेजस्तै आफ्नो शहर पनि सफा राखौं ।
- घर सफा भयो भने रोग लाग्दैन, शहर सफा भयो भने प्रदूषण हुँदैन, रोगवाहक कीरा-फटयाङ्ग्रा हुर्कंदैनन् ।
- सफा रहनु देवत्व हो, फोहर दानवी प्रवृत्ति हो ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ भदौ २९ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 September 14 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८

## डेढ महीनादेखिको शिक्षक आन्दोलन माग सम्बोधन नभएरै स्थगन

प्रस, वीरगंज, २८ भदौ/

वीरगंज महानगरपालिकाको शिक्षा महाशाखाले गत साउन ११ गते गरेको शिक्षक दरबन्दी मिलानपछि सिर्जित विवाद शुक्रवारदेखि मत्थर भएको छ ।

शिक्षक दरबन्दीबारे महानगरको निर्णयविरुद्ध निरन्तर आन्दोलनरत नेपाल शिक्षक महासङ्घ वीरगंज महानगर समिति र महानगरबीच शुक्रवार पाँच बुँदे सहमतिपछि विवाद सुल्झिएको अनुमान गरिएको छ ।

तर शिक्षक महासङ्घ वीरगंज महानगर समितिले उठान गरेका मुद्दालाई भने आजको पाँच बुँदे सहमतिमा सम्बोधन गरिएको छैन, जसबाट शिक्षक महासङ्घसँग आबद्ध अधिकांश शिक्षक रुष्ट देखिएका छन् ।

महानगरको तर्फबाट नगरप्रमुख राजेशमान सिंह, उपप्रमुख इम्तियाज आलम, शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्ण र नेपाल शिक्षक महासङ्घ वीरगंज महानगरका अध्यक्ष प्रदीप जैसवाल सहभागी थिए । आजको पाँच बुँदे सहमतिमा शिक्षक महासङ्घले उठान गरेको शिक्षक दरबन्दी, भ्रष्टाचार, अनियमितताका बारेमा कुनै कुरा उल्लेख छैन ।

महानगरले यस अघिदेखि भन्दै आएको कुरालाई मात्र प्राथमिकता दिइएको छ र शिक्षक दरबन्दीका विषयमा उठान भएका समस्याहरूमा दरबन्दी अनुसारको प्रअ, शिक्षक, बालविकास, कर्मचारीहरू तोकिएका विद्यालयमा हाजिर भएर काम गर्ने र त्यस उप्रान्त समस्या आएको खण्डमा सोको नीतिगत समाधान गरिने भनिएको छ ।

जबकि शिक्षक महासङ्घले महानगरको आग्रहमा आन्दोलन स्थगित गरेर समस्याग्रस्त शिक्षकहरूसँग निवेदन माग गरेको थियो । जसमा शिक्षक महासङ्घमा ८९ वटा र शिक्षा महाशाखामा २५ वटा निवेदन परेका थिए ।

महानगरले साउन ११ गते एकमुस्ट ४६८ जना प्रअ, शिक्षक, बालविकास शिक्षिका, कर्मचारीहरूको सरुवा गरेको थियो । सो सरुवामा समस्या भएकाहरूबाहेक केही तोकिएका स्थानमा सरुवापत्र बुझेर गइसकेका छन् । समस्याग्रस्त ११४ जना भने महासङ्घको निर्णयको पर्खाइमा थिए ।

आजको सहमतिबारे नेपाल शिक्षक महासङ्घ वीरगंज महानगर समितिका अध्यक्ष जैसवालले शिक्षकको हकमा सहमति गरेको दाबी गरे । उनले भ्रष्टाचार, अनियमितताको कुरा अख्तियारले हेर्ने र शिक्षकहरूको हकमा आज छलफल हुँदा ३३ जनामा समस्या देखिएको र उनीहरूको हकमा आगामी आइतवार छलफल हुने बताए । सबैकुरा सहमतिपत्रमा लेख्न नसकिने उनको भनाइ थियो ।

तर आज भएको सहमतिमा चित्त नबुझेरै भदौ २९ गते शनिवार नेपाल शिक्षक महासङ्घ, पर्साले बैठक आह्वान गरेको छ ।

## लक्ष्मीनारायण मन्दिर र धर्मशाला सञ्चालन गर्न माग गर्दै विरोध

प्रस, निजगढ, २८ भदौ/

सार्वजनिकरूपमा लक्ष्मीनारायण मन्दिर र धर्मशाला निर्माण गर्न जग्गादाताले राजमार्गसँगै जोडिएको करोडौं मूल्य पर्ने जग्गा दान गरे पनि केही व्यक्तिहरूले समिति गठन गरी व्यापारिक भवन बनाइ भाडामा लगाउँदै आइरहेको भन्दै शुक्रवार त्यसको कडा विरोध भएको छ ।

जुन उद्देश्यका साथ जग्गादाताले करोडौं मूल्य पर्ने जग्गादान गरेको छ । सोही उद्देश्यका साथ सार्वजनिक लक्ष्मीनारायण मन्दिर र धर्मशाला निर्माण हुनुपर्ने सचेत सरोकारवाला निजगढका संयोजक खड्गप्रसाद उप्रेतीले माग गरेका छन् । निजगढ नपा–९ स्थित शहीदचोकमा शुक्रवार आयोजित विरोध कार्यक्रममा उनले माग बेवास्ता गरे चरणबद्धरूपमा सङ्घर्षका कार्यक्रम सार्वजनिक गर्ने उनले चेतावनी दिए ।

२०७१ सालमा लक्ष्मीनारायण भगवान् संरक्षण समिति गठन गरी काम शुरू गरे पनि मन्दिर र धर्मशाला निर्माण गर्नुपर्नेमा जग्गादाताका परिवारका सदस्यहरूलाई झुक्याउँदै




व्यापारिक भवन बनाएको भन्दै व्यापक विरोध भएको थियो । सो समितिले सो भवन कृषि विकास बैंकलाई भाडामा दिएपछि बैंक सञ्चालन हुँदै आएको छ ।

निजगढ नपा–९ शहीदचोक राजमार्गसँग जोडिएको पाँच कट्ठा र निजगढमैं रहेको करीब एक बिघा व्यक्तिगत जग्गा सो मन्दिर र धर्मशाला सञ्चालन गर्न जग्गा दान गरिएको हो । उद्देश्यअनुरूप काम नभएको भन्दै जग्गादाताका पारिवारका सदस्यहरूले समेत विरोध जनाउँदै आइरहेका छन् । यस अघि भवन निर्माणमा व्यापक अनियमिततासमेत भएको जनगुनासो आएको थियो ।

## पत्रकार महासङ्घको निर्वाचन असोज १२ लाई तोकियो

प्रस, वीरगंज, २८ भदौ/

नेपाल पत्रकार महासङ्घको निर्वाचन मिति पुनः सरेको छ । पछिल्लोपटक असोज ५ गतेका लागि तोकिएको पत्रकार

नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)

महासङ्घको निर्वाचन शुक्रवार अर्को सूचना जारी गर्दै कार्यवाहक अध्यक्ष रमेश विष्टले विज्ञप्तिमार्फत अध्यक्ष विपुल पोखरेलको राजीनामापछि उत्पन्न अन्योलका बीच महासङ्घले निर्वाचनको नयाँ मिति प्रस्ताव गरेको जनाएका छन् ।

कार्यवाहक अध्यक्ष विष्टले १२ असोजमा निर्वाचन गर्नेगरी नयाँ तालिका ल्याउन शुक्रवार निर्वाचन समितिलाई पत्राचार गरिएको पनि बताए । यसअघि पटकपटक महासङ्घको निर्वाचन सरेपछि निर्वाचन कमिटीले राजीनामा दिएको थियो । तर सहज परिस्थिति बने निर्वाचन गराउने दायित्व वहन गर्ने भनिएकोले पुरानै निर्वाचन समितिलाई आज पत्राचार गरिएको हो ।

आगामी असोज ५ गते तीनै तहको निर्वाचन सम्पन्न गर्ने मिति घोषणा भइसकेको अवस्थामा अध्यक्ष विपुल पोखरेलले विभिन्न कारण देखाउँदै राजीनामा दिएपछि असहज परिस्थिति उत्पन्न भएको थियो । निर्वाचनको घोषित मितिमा सामान्य हेरफेर गरी निर्वाचन सम्पन्न गर्नुपर्ने बाध्यात्मक परिस्थिति सृजना भएको कार्यवाहक अध्यक्ष विष्टले आज विज्ञप्ति जारी गर्दै भनेका छन् । उनले आजै निर्वाचन समितिलाई मतदाता नामावलीसमेत हस्तान्तरण गरिएको बताए ।

नेपाल पत्रकार महासङ्घको निर्वाचनका लागि केन्द्रीय साधारणसभा सम्पन्न भइसक्दा पनि मतदाता नामावलीमा भएको विवादका कारण निर्वाचन हुन सकेको छैन । अधिकांश जिल्लाका अध्यक्षहरूले जिल्लाबाट पठाइएको सदस्यता नामावलीमा केन्द्रले हस्तक्षेप गरेर आफूखुसी सिफारिशमा नपरेकाहरूलाई सदस्यता वितरण गरेको भन्दै विरोध गर्दै आएका छन् ।

उनीहरूले कार्यवाहक अध्यक्ष विष्टले भदौ २९ गते सदस्यता नामावली प्रकाशन हुने बताउँदा त्यसमा केन्द्रले थप गरेका नाम समावेश भए असोज १२ गते पनि निर्वाचन हुन नसक्ने बताए ।

पर्सा शाखाका अध्यक्ष अनुप तिवारीले जिल्लाबाट सिफारिश भएकामा थपघट गर्नेबाहेक सीधा केन्द्रबाट थप गरिएका सदस्यहरू मान्य नहुने बताएका छन् । उनले यस अघिको पुरानो मतदाता नामावलीबाट निर्वाचन गराउने र नयाँ सदस्यहरूको हकमा निर्वाचनपछि निर्णय गर्ने वा नयाँ सदस्यको हकमा जिल्लाको निर्णय मान्यबाहेक अन्य विकल्पमा सोच्न नसकिने बताए । सदस्यतासम्बन्धी विवाद देशभरका शाखाहरूमा छ र मधेस प्रदेशका आठ जिल्लाका अध्यक्षहरूले यसबारेमा पटकपटक विज्ञप्ति जारी गर्दै आएका छन् ।

## लघुवित्त पीडितको भेलाद्वारा सरकारलाई चेतावनी

प्रस, पोखरिया, २८ भदौ/

लघुवित्त पीडितहरूले शुक्रवार जीराभवानी गाउँपालिका–२ सेढवामा संयुक्त आन्दोलन तथा जिल्ला भेला गरेका छन् ।

लघुवित्तविरुद्धको आन्दोलनमा दुर्गा प्रसाईं र मनिराज ज्ञवालीले अलगअलग आन्दोलन गर्दै आएकामा उनीहरूबीच कार्यगत एकता भएको अवसरमा आज सेढवामा संयुक्त आन्दोलन र जिल्ला भेला गरिएको थियो ।

भेलामा सहभागी केन्द्रीय सल्लाहकार सदस्य गोवर्द्धन यादव, जिल्ला उपाध्यक्ष लालसा देवी, सफीभूषण साह, पाना देवी, लक्ष्मण पटेललगायतका वक्ताहरूले सरकारले एनसेलगायत ठूला व्यापारीहरूको अर्बौं बक्यौता असुल्न नसकेको तर सानातिना ऋणीहरूलाई तर्साउने काम गरेको आरोप लगाए ।

उनीहरूले लघुवित्तबाट ऋण लिएकाहरूको ऋण माफीको कुरामा सरकार अनुदार देखिएको र ब्याजसमेत



मिनाहा गर्न नसकेको अवस्थामा अहिले पनि लघुवित्त कर्मचारीहरूको आतङ्क जारी रहेको बताए । उनीहरूले ऋण नतिरेकाहरूको घरमा जाने र धम्क्याउने जस्ता कार्यहरू गर्ने कर्मचारीहरूलाई खबरदारी पनि गरे ।

छठपछिको आन्दोलन वार कि पारको हुने भन्दै यसबीचमा सिर्जित समस्याहरूको समाधानका लागि पहल हुने र सरकार नमाने परिणाममुखी आन्दोलनको विकल्प नहुने उनीहरूले बताए ।

## दक्ष कर्मचारी पठाउन मुख्यमन्त्रीको आग्रह

प्रस, वीरगंज, २८ भदौ/

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र मधेस



प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहबीच शुक्रवार भेटवार्ता भएको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबारमा शुक्रवार भएको भेटमा मधेस प्रदेशका विभिन्न समस्याहरूका विषयमा मन्त्री र मुख्यमन्त्रीबीच छलफल भएको बताइएको छ ।

भेटमा मुख्यमन्त्री सिंहले मधेस प्रदेशमा कर्मचारीहरू जान नमान्ने र गएकाहरू पनि दक्ष नहुँदा कार्यसम्पादनमा समस्या हुने गरेको मन्त्री गुप्तालाई जानकारी गराएका थिए ।

सरकारी कार्यालयहरूका कार्यसम्पादनमा समस्या आउँदा सर्वसाधारण सेवाग्राही मर्कामा पर्ने गरेको भन्दै मुख्यमन्त्री सिंहले मधेस प्रदेशमा दक्ष र अनुभवी कर्मचारीहरू पठाउन मन्त्री गुप्तासँग आग्रह गरे । "मधेसमा कर्मचारीहरू जान मानिरहेका छैनन्, उहाँहरूको लागि काम गर्ने उपयुक्त वातावरण बनाउन हामी प्रयासरत छौं, तसर्थ दक्ष र अनुभवी कर्मचारीहरू पठाइदिनु," उनले मन्त्री गुप्तालाई आग्रह गरे ।

मन्त्री गुप्ताले मधेस प्रदेशका समस्याबारे आफू जानकार र चिन्तित रहेको बताए । उनले मधेस प्रदेशका समस्या समाधान हुनेगरी आफूले कदम चाल्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

## नगरप्रमुखले चासो नदिएको वडाध्यक्षको आरोप

नरेश यादव, पर्सागढी, २८ भदौ/

वीरगंज महानगरपालिका–२८ बगहीस्थित मुख्य सडकको कटरा खोलामा



रहेको पुल भाँसिएको छ । पुल भाँसिएपछि सो सडकखण्ड भएर आवतजावत गर्ने ठूला सवारीलाई कठिनाइ उत्पन्न भएको छ ।

पुलको उत्तरदेखि दक्षिणतर्फ वीरगंज आवतजावत गर्ने स्थानीयहरूलाई समस्या भएको बताइन्छ ।

यो पुल करीब दुई महीना अघि भाँसिएको हो । पुल पुनर्निर्माणका लागि वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहलाई लिखित जानकारी गराएको तर नगरप्रमुख सिंहले नगरपालिकाबाट पुल निर्माण गर्न नसकिने जवाफ फर्काएको वडाध्यक्ष सरजुग महतो बताउँछन् ।

वडाध्यक्ष महतोले भने, "नगरप्रमुख सिंहले वडा विकासका लागि बजेट पठाएकोले सोहीबाट पुल पुनर्निर्माण गर्न निर्देशन दिनुभएको छ ।" उनले नगरप्रमुखले पुल निर्माणमा रुचि नदेखाएपछि वडाको बजेटबाट तत्काल पाँच लाख खर्चेर डाइभर्सन बनाएको बताए । पुल निर्माणको लागि शहरी विकास मन्त्रालयमा एक करोड २० लाखको एस्टिमेट प्रस्ताव गरिएको उनले जानकारी गराए ।

## उपकारद्वारा ह्वीलचेयर सहयोग

प्रस, वीरगंज, २८ भदौ/

उपकार सेवा नेपालले शुक्रवार वीरगंज महानगरपालिका–२५ श्रीसिया निवासी भन्नु ठाकुरलाई ह्वीलचेयर प्रदान गरेको छ ।

१३ वर्षीय भन्नु शारीरिकरूपमा अपाङ्ग रहेका र हिंड्डुलका लागि पनि समस्या भएको थाहा पाएपछि उपकार सेवा नेपालकी अध्यक्ष विद्यादेवी सरावगी निजको घरमा गएर ह्वीलचेयर हस्तान्तरण गरेकी थिइन् ।

कार्यक्रममा उपकार सेवा नेपालका सदस्य अङ्कुर शर्मा, मानव सेवा आश्रमका देवेश गुप्ता, सामाजिक कार्यकर्ता प्रकाश थारूलगायतको सहभागिता थियो ।

## विचारसार र सूक्तिहरू

**सोच बदल्दा खुशी मिल्छ, स्वभाव बदल्दा इज्जत मिल्छ, कसैको पाउ पर्नैपर्दैन, सही बाटो रोज्दा गन्तव्य आफैं फेला पर्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## भन्न सकिन्न

**नेपालको तरकारी निर्यात नयाँ युगमा प्रवेश गरेको छ । दक्षिणकाली नगरपालिकाबाट उत्पादित ताजा तरकारी बिहीवार कतारमा पठाइयो। यसमा चीनको चाइना फाउन्डेशन फर रुरल डेभलपमेन्टको सहयोग तथा सहकार्य छ। नयाँ युग यस अर्थमा कि, विदेशी सीप तथा प्रविधिको प्रयोग गरी बजार व्यवस्थासमेत अन्तर्राष्ट्रिय सहयोग र सहकार्यमा तरकारी तेस्रो मुलुक निर्यात हुन थालेको यो पहिलोपटक हो। यस अघि छिमेकी मुलुक भारतमा परम्परागतरूपमा नेपाली तरकारी निर्यात भइरहेको छ। भारतीय तरकारी भने ठूलो परिमाणमा नेपाल आयात भइरहेका छन् । केही वर्ष पहिले नेपाली व्यापारीहरूको पहलमा संयुक्त अरब इमिरेट्सलगायत अरब देशहरूमा ताजा तरकारी निर्यात गरिएको थियो । सीमित मात्रामा विशेष बालीहरू निर्यात हुने गरेका थिए । सरकारी उदासीनताका कारण हाल यो नगन्य मात्रामा छ । सुरुआत भएको तरकारी निर्यातमा कतारी सरकारको समेत चासो र चाहना देखिएको हुँदा यसले नेपाल र कतारबीचको व्यापारिक सम्बन्धलाई थप बलियो बनाउन सक्छ। प्रतिस्पर्धा र चुनौतीको सामना गर्दै अगाडि बढ्ने हो भने नेपाली कृषकको लागि नयाँ अवसरको ढोका खुलेको मान्नुपर्छ ।**

**अवसर पाउन गाह्रो, अवसरको ढोका खुलेपछि त्यहाँ प्रवेश मात्रै ठूलो कुरा होइन, टिक्न सक्नु महत्त्वपूर्ण कुरा हो। तरकारी निर्यातको प्रारम्भिक चरणमा गुणस्तर र ताजापनमा विशेष ध्यान दिइएको छ । दक्षिणकाली नगरपालिकाका किसानहरूले उत्पादन गरेका तरकारीहरूको गुणस्तरलाई नेपाली, चिनियाँ र कतारी प्रतिनिधिहरूले उच्च मूल्याङ्कन गरेका छन्। अन्तर्राष्ट्रिय बजार प्रतिस्पर्धामा वस्तुको गुणस्तर तथा स्वास्थ्य मापदण्ड महत्त्वपूर्ण कुरा हो। अन्य चुनौतीहरू पनि छन्, जस्तै लोजिस्टिक र भन्सार प्रक्रियाले समयमा, सही अवस्थामा तरकारीको सप्लाई सुनिश्चित गर्न कठिनाइ हुन सक्छ । यसलाई सहज बनाउनुपर्छ । गुणस्तर उच्चस्तरको रहेमा, बजार मूल्य केही बढी भएपनि फरक पर्दैन । तर पनि मूल्य प्रतिस्पर्धा चुनौतीको रूपमा लिनुपर्छ। विशेषगरी असमान वर्षा र तापमानको अस्थिरताले तरकारीको उत्पादन र गुणस्तरमा प्रभाव पार्न सक्छ । यसको निम्ति आवश्यक पूर्वाधारको विकास र कृषक तालीमलाई सरकारले जोड दिनुपर्छ। निर्यातसम्बन्धी नीति तथा कानूनी मापदण्डहरूले पनि चुनौती थप्न सक्छन् । नेपाल र कतार सरकार दुवैले तरकारी आयात-निर्यातसम्बन्धी नीति व्यावहारिक बनाउन तत्परता देखाउन सक्नुपर्छ ।**

**हुनत हाम्रो उत्पादन आफ्नै मुलुकको उपभोक्तासम्म पुग्न सकेको छैन । हाम्रा आन्तरिक बजारहरू विदेशी तरकारीले ढाकेका छन् । छिमेकी मुलुक भारतबाट सरदर वार्षिक करीब डेढ लाख मेट्रिक टन तरकारी नेपालमा आयात हुन्छ। अर्को छिमेकी चीनबाट वार्षिक ५० हजार देखि ७० हजार मेट्रिक टनसम्म तरकारी आयात भइरहेको छ । त्यसैगरी, तेस्रो मुलुक थाइल्यान्डबाट १० देखि १५ हजार मेट्रिक टन, पाकिस्तानबाट १५ देखि २५ हजार, बङ्गलादेशबाट पाँचदेखि १० हजार मेट्रिक टन हरियो तरकारी वार्षिक निर्यात भइरहेका छन्। आफ्नो मुलुकमा उत्पादन बढाउने र त्यस उत्पादनलाई सहजरूपले बजारसम्म पुऱ्याउने जाँगर सरकारसँग छैन । कतारतर्फ तरकारी निर्यातमा पनि कुनै दिन सानातिना समस्या आएछ भने त्यसलाई फुकाउन [redacted] भन्न सकिन्न ।**

# राज्यको चौथो अङ्ग, कति दायित्वबोध ?

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी

> **पत्रकारिताको यो मर्मबारे आधारभूतरूपमा पत्रकारहरू विज्ञ भएपनि सतर्क भई पत्रकारिताको बाटोमा कमै पत्रकार लागेका देखिन्छन् । फलस्वरूप पत्रकारितामा विभिन्न विकृति देखा परेका छन् ।**

पत्रकारितालाई राज्यको चौथो अङ्ग पनि भनिन्छ । राज्यभित्र घटित हुने सरोकारवाला पक्षको विभिन्न सकारात्मक-नकारात्मक व्यवहारको सूचना आम जनतासम्म पुऱ्याउने महत्त्वपूर्ण दायित्व बोक्ने जनशक्ति भनेकै पत्रकार हो । पत्रकारले एकातर्फ नकारात्मक प्रवृत्तिलाई सिस्नुपानी लगाउने काम गर्छ भने सकारात्मक प्रवृत्तिलाई दुबोझैं फैलाउने काम पनि गर्छ । यस अर्थमा पत्रकारिता भनेको निकै जिम्मेवार र नैतिक घेराभित्र रहने बौद्धिक जमातको विशेष क्रियाकलाप हो भन्दा अन्यथा नहोला । साँच्चीकै भन्ने हो भने पत्रकारिता जहिले पनि इमानदारिता र निष्पक्षतामा आधारित हुनुपर्छ । यो पेशा कुनै पनि राज्यको पक्षधरको रूपमा उभिनु ठीक हुँदैन । यसैले पत्रकारिता इमानदारी, निष्पक्षता, र पेशेवर आचरणको आधारमा सञ्चालन हुनुपर्छ। यसले सत्य र तथ्यलाई प्राथमिकता दिनुपर्छ र समाजलाई आवश्यक जानकारी प्रदान गर्न मदत गर्नुपर्छ । पत्रकारले विभिन्न दृष्टिकोण समेट्दै र स्रोतहरूको सुनिश्चितता गर्दै समाचार प्रस्तुत गर्नु जरुरी हुन्छ। यसका साथै पत्रकारिताले समाजको समस्याबारे जनचेतना फैलाउने र लोकतान्त्रिक प्रक्रिया समर्थन गर्ने भूमिका पनि निर्वाह गर्नुपर्छ । पत्रकारिताको यो मर्मबारे आधारभूतरूपमा पत्रकारहरू विज्ञ भए पनि यसबारे सतर्क भई पत्रकारिताको बाटोमा कमै पत्रकार लागेका देखिन्छन्। फलस्वरूप पत्रकारितामा विभिन्न विकृतिहरू देखा परेको छ । विभिन्न स्वार्थमा बाझिएको पत्रकारिताले यति बेला समाचारको गुणवत्ता र समाजमा यसको प्रभावमाथि असर पारेको छ । पत्रकारजगत्मा उच्च नैतिक मानक र पेशागत धर्म आवश्यक छ। यसको अभाव यति बेला सर्वत्र देख्न सकिन्छ । जसले गर्दा पत्रकारिता जगत्मा देखिएका हालका केही विकृतिहरू यस प्रकार छन्–

**१. सूचना साँचो नहुनु :**

प्राय:जसो पत्रपत्रिकाले विनाफूटनोट प्रसारण गरेका समाचारहरू अन्तत: गलत देखिएका छन् । यसप्रति को जिम्मेवार हुने श्र पत्रकारितासँग एक खालको सामाजिक सम्बन्ध भएपनि रहेको छ । समाजमा पत्रकारबारे केही बोल्यो भने उसले केही छापिदेला केही नराम्रो लेखिदेला भन्ने मनोविज्ञानले गर्दा हतपत कोही बोल्न रुचाउँदैन । पत्रपत्रिका वा सञ्चारमाध्यमका अन्य माध्यमहरूले गलत, अप्रमाणित सूचना, तथ्यहीन कुरा प्रसारण गर्दा यसले जनमानसमा ल्याउन सक्ने गलत जानकारी र नकारात्मक धारणाहरूबाट समाज गलत दिशामा गइरहेको स्पष्ट देख्न सकिन्छ ।

**२ पारदर्शिताको कमी :**

प्राय:जसो पत्रपत्रिका र सञ्चारमाध्यमहरू सूचना आदानप्रदान गर्नुभन्दा पनि कमाइखाने धन्दाको रूपमा सञ्चालन भएको हुँदा यिनीहरूको सूचनाको अवस्था भयावह छ। खासगरी स्रोतको स्पष्टता र वैधता नदेखाउनु, जसले समाचारको विश्वसनीयता घटाउँछ। यस कुरालाई पत्रकारहरूले मनन नगर्दा यति बेला पत्रपत्रिका र सञ्चार माध्यमबारे आम जनभावना के बन्दैछ भने पत्रकारहरू पनि गलत र नचाहिने कुराहरू लेख्छन्, स्वार्थवश लेख्छन्। यस प्रकारको जनधारणा बन्नु आफैंमा दु:खद हो। यसतर्फ पत्रकार र सञ्चारमाध्यम सजग हुनुपर्ने देखिन्छ। यतिबेला कुनै पनि पत्रपत्रिकाको विश्वसनीयता निरन्तर बढ्दै गएको अवस्था देखिंदैन । बरु सबैको विश्वसनीयता घट्दै गइरहेको कुरा जगजाहेर छ।

**३. पक्षपात :**

यतिबेला संसार नै पक्ष विपक्षमा बाँडिएको हुँदा प्रसारण हुने वा छापिएका सूचनाहरू कुनै पक्षविशेषलाई प्राथमिकता दिएर अगाडि बढ्ने गरेको हुनाले समाजभित्र के सही के गलत छुट्याउन आम नागरिकलाई गाह्रो छ। समाचारमा विशिष्ट विचारधारा वा पक्षलाई मात्र निरन्तर प्रस्तुत गर्ने परिपाटीले गर्दा सञ्चार जगत्को निष्पक्षतामा खलल पुगेको स्पष्ट देख्न सकिन्छ।

**४. संसारिकताको कमी :**

प्राय:जसो सञ्चारमाध्यमहरूले कुनै पनि घटना छाप्दा वा प्रसारण गर्दा संलग्न व्यक्तिहरूको सन्दर्भ र विशेषता नपठाउने परिपाटीले गर्दा मुद्दाको सही बुझाइ कठिन हुन्छ भन्नेतर्फ आमसञ्चार जगत् बेखबर देखिन्छ। यसतर्फ सञ्चारमाध्यमहरूले आफ्नो दृष्टिकोण स्पष्ट हुनेगरी अगाडि बढ्न जरुरी छ।

**५. सुरुचिपूर्ण :**

सूचनाहरूले समाजमा के कस्तो असर पार्छ त्यसतर्फ विचार नगरी आफ्नो स्वार्थ अनुकूल छ छैन भन्ने कुरालाई प्राथमिकतामा राखेर सञ्चार माध्यमहरू अगाडि बढ्दा सञ्चारजगत् आम नागरिकको लागि स्थापित हुन सकेको देखिंदैन ।

**६. समाचारको अत्यधिक प्रयोग :**

प्राय:जसो सञ्चारमाध्यमहरूले आकर्षक र सनसनीखेज समाचारलाई प्राथमिकता दिने गर्छन जसले गर्दा गम्भीर मुद्दाहरूलाई उक्त समाचारले ओझेलमा पार्न सक्छ वा पार्ने गरेको छ ।

**७. प्रेसर र बलात्कार :**

राज्य पक्षबाट होस् वा व्यक्तिगत तवरबाट वा सामूहिक तवरबाट समाचारलाई लिएर सञ्चारमाध्यममाथि अनावश्यक दबाब दिने आफ्नो पक्षमा लेख्न वा प्रसारण गर्न दबाब सिर्जना गर्ने कामले गर्दा सञ्चारजगत्माथि बलात्कार नै भएकोजस्तो देखिन्छ । यस्ता घटना पटकपटक हुँदै आएका छन्, जसले गर्दा बाह्य दबाब वा हदपारका लागि दबाबका कारण समाचारमा स्वायत्त र साँचो विचार प्रभावित हुने गरेको छ ।

**असल पत्रकारिता भन्नाले निम्नलिखित विशेषताहरूलाई ध्यानमा राख्नुपर्छ:**

**१. सत्यता र तथ्य प्रस्तुतीकरण :**

पत्रकारहरूले हमेशा के कुरामा सचेत हुन जरुरी छ भने उसले बजाउने वा छाप्ने समाचार र सूचनाहरूलाई सही र प्रमाणित तथ्य अनुसार प्रस्तुत गर्नु, झूट वा अर्धसत्यबाट बच्नुपर्छ। यो नै एउटा यस्तो तरीका हो, जसको माध्यमले पत्रकारितालाई सत्य र तथ्य प्रस्तुतीकरणको लागि नैतिक माध्यमको रूपमा प्रयोग गर्न सकिन्छ ।

**२. निष्पक्षता :**

एउटा पत्रकार वा आमसञ्चार माध्यमले जहिले पनि के कुरामा विचार गर्नुपर्छ भने सबै पक्षको आवाज समेट्न र कुनै विशेष विचारधारामा झुकाव नराखी वस्तुनिष्ठ रिपोर्टिङ गर्नुपर्छ अनि मात्रै त्यस्ता सञ्चारमाध्यमहरूले विश्वसनीयता निष्पक्षता र पेशाप्रति इमानदारिता र नैतिकता कायम गर्न सक्छन् । होइन भने दोहोरो स्टयान्डर्ड लागू गरेर आफ्नो पेशाप्रति अविश्वास जन्माउनुबाहेक अरू केही हुन सक्दैन ।

**३. पारदर्शिता :**

कुनै पनि समाचारको स्रोत र त्योसँग सम्बन्धित जानकारी आफूसँग राखेर टेलर समाचार प्रकाशन गर्ने बानी विकास गर्नु राम्रो होइन । यसले पत्रकारजगत्, आम सञ्चारमाध्यमलाई बदनाम मात्र गराउँछ । त्यसैले समाचारको स्रोत र प्रक्रिया स्पष्टरूपमा जनाउनु, जसले पाठक वा दर्शकलाई सूचनाको विश्वसनीयता बुझ्न मदत गर्छ ।

**४. गोपनीयता र सम्मान :**

सञ्चारमाध्यमहरूलाई उपलब्ध गराइएका सूचनाहरूको स्रोत सधैंभरि गोप्य राख्छौं भन्ने विश्वास दिलाउन सक्नुपर्छ । स्रोतहरूको गोपनीयता र व्यक्तिहरूको गोपनीयताको सम्मान गर्नु, विनाअनुमति वा संलग्न पक्षलाई नसोधी वा उनको राय नजानी वा उसलाई आफ्नो राय राख्ने अवसर नदिई कुनै पनि समाचार प्रकाशन गर्नुहुँदैन भन्ने कुरा बिर्सनुहुँदैन ।

**५. सामाजिक उत्तरदायित्व :**

प्रत्येक नागरिकको कर्तव्य हुन्छ कि आफ्नो देश र समाजको हकहितको लागि केही सोच्नु केही गर्नु। यस अर्थमा प्रत्येक नागरिक आजको आधुनिक युगमा पत्रकार हो। सबैको हातमा मोबाइल छ र सबैले सूचनाको आदानप्रदान गरेकै हुन्छ। यसर्थ समाजको हितमा काम गर्नु, लोकतन्त्रलाई सुदृढ बनाउन मदत गर्नु, र समाजका मुद्दाहरू उजागर गर्नु सञ्चार जगत् वा पत्रकारको प्राथमिकतामा रहनुपर्छ ।

**६. पेशा-धर्मिता :**


पत्रकारहरूले पत्रकारिताको सबै नियम कानून पालन गर्नुपर्छ । यस्तोमा उनीहरू उच्च नैतिकवान् भएर समाजको अगाडि प्रस्तुत हुनुपर्छ । उच्च नैतिक मानक पालन गर्नु र रिपोर्टिङमा सबैभन्दा राम्रो अभ्यासहरूको पालन गर्नुपर्छ ।

वीरगंजलाई कार्यक्षेत्र बनाएर लगातार ४० वर्षदेखि पत्रकारिता गर्दै आएका सुदर्शनराज पाण्डेको स्मृतिशेष हुँदा शोकाकुल परिवारप्रति समवेदना प्रकट गर्दै–असल पत्रकारिता समाजलाई साँचो, सुसङ्गत र निष्पक्ष जानकारी प्रदान गर्ने उद्देश्यका साथ अगाडि बढिरहन्छ भन्ने पाण्डेजीकै भनाइ सापटी लिएर यो लेख यही टुङ्ग्याउँछु। मित्र पाण्डेको धेरैधेरै सम्झना !

# आदि शङ्कराचार्यको पदचाप पछ्याउँदै...

श्याम रिमाल⁄रासस

जम्मा ३२ वर्षको आयु पाएका आदिगुरु शङ्कराचार्यले करीब एक हजार २३५ वर्ष अघि भारतका चारै कुना पैदल भ्रमण गरी चार शङ्कराचार्य मठ स्थापना



गरेका थिए । भारतकै गुरुनानक देवले भने करीब ५२४ वर्ष अघि २१ वर्ष लगाएर नेपाललगायत धेरै तीर्थस्थल भ्रमण गरेर विश्वमा प्रसिद्धि कमाएका थिए। नेपाल र भारतका तीन तीर्थयात्रीले भने हालै एक वर्षमा मौसम आदि अनुकूल समय पारेर दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क), चीन-तिब्बतका गरी करीब ४५० धार्मिक तीर्थस्थल भ्रमण सम्पन्न गरेका छन् ।

शिवशक्ति समागम टोलीमार्फत संयोजक नेपालका प्रदीप खनाल तथा सदस्य भारतका विनीता लेप्चा र मङ्गेश भागवत यति ठूलो सङ्ख्यामा हिन्दू, बौद्ध, शिख र जैन धर्मका विभिन्न मन्दिर, शक्तिपीठ, कुण्ड, चैत्य, गुम्बा, गुरुद्वारा, आदि भ्रमण गरी विश्व कीर्तिमान नै राख्न सक्ने स्थितिमा पुगेका छन् । सिरडी, महाराष्ट्र, भारतकी समाजसेवी लेप्चा र इन्दौर, मध्यप्रदेश, भारतका भागवतले पाकिस्तान र तिब्बतसम्म मात्र साथ दिएका तर इलाम, जीतपुरमा जन्मी हाल कामपा-१४, कलङ्की बस्ने खनालले भने पूरै तीर्थस्थल दर्शन गरी आफ्नो भ्रमणबारे नेपाल र भारतका पूर्वराष्ट्रपति, उपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, राजनीतिक दलका नेता, धार्मिक गुरु आदिलाई जानकारी गराउँदै तीर्थस्थल र कुण्डहरूका जलप्रसाद वितरण गरिरहेका छन् । भ्रमणका क्रममा खनाल र साथीहरूले २३ नदी, कुण्ड, तालतलाउ, सरोवर आदिमा स्नान र डुबुल्की मारेका थिए । धेरै तीर्थ र नदीहरूको उद्गमस्थल पनि उनीहरू पुग्न सके ।

रमाइलो कुरा हिन्दू र बौद्ध धर्मदर्शनको अध्ययन-अध्यापन, अनुसन्धानका लागि प्रख्यात प्राचीन नालन्दा विश्वविद्यालय, बिहार, भारत र तक्षशिला विश्वविद्यालय, टक्सिला, खैबरपङ्ख्तुन, पाकिस्तान पनि पुगी टोलीले सामान्य पुरातात्त्विक र इतिहासबारे पनि जानकारी लिए। पूर्वीय दर्शनका धरोहर ती स्थलमा पुगी वस्तुस्थितिबारे अवगत हुन पाउनु पनि सौभाग्य रहेको खनाल ठान्छन् । अन्तर्राष्ट्रिय मैत्री समाज नेपालका अध्यक्ष खनालले नेपालका राष्ट्रिय देवता पशुपतिनाथबाट तीर्थाटन शुरू गरेका थिए। विसं २०८० असार ७ गते सर्वप्रथम पशुपतिनाथको पूजा गरी त्यहाँका मूलभट्ट रावल गणेश र संहिताशास्त्री अर्जुनप्रसाद बाँस्तोलाबाट आशीर्वाद लिएर खनालले त्यसपछि सहयात्रीहरूका साथ भारत, पश्चिम बङ्गालका शक्तिपीठ हुँदै अन्त्यमा मणिकरण शिवमन्दिर, कुल्लु, हिमाचल प्रदेश, भारतसम्म पुगेर गत महीना दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनका नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का र चीनको तिब्बत गरी छवटा राष्ट्रको तीर्थयात्रा समापन गरेका थिए ।

कतिपय तीर्थस्थलबारे आफ्नो अध्ययन र सुनेका भरमा तथा कतिपय स्थानका बारे विभिन्न तीर्थयात्राका क्रममा भेट भएका गुरु, व्यवस्थापक आदिले पनि जानकारी दिए । टोलीले भ्रमण गरेका तीर्थस्थलमा चार आदिशक्तिपीठ (कामाख्या, गुहावटी, कालीघाट, कोलकाता, विमलादेवी, पुरी, र तारातारिणी, उडिसा), चारधाम (बद्रीनाथ, द्वारकाधीश, जगन्नाथपुरी र रामेश्वरम्, भारत), सप्तपुरी (हरिद्वार, अयोध्या, काशी, मथुरा, द्वारका, अवन्ती र काञ्ची), १२ ज्योतिर्लिङ्ग (सोमनाथ, मल्लिकार्जुन, महाकालेश्वर, ॐ कारेश्वर-ममलेश्वर आदि) छन् ।

त्यस्तै, १८ महाशक्तिपीठ (शारदा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# वाटिका

२०८१ भदौ २९ गते शनिवार | प्रतीक | 2024 September 14 Saturday



# बालबालिका, मोबाइल र साहित्यको कुरा



स्वान्त सुखाय:


सञ्जय मित्र
mitrasanjay41@gmail.com


मानिसलाई चाहिने पहिलो अधिकार बाल अधिकार हो । बाल अधिकारमा जन्मपूर्व गर्भमा नै संरक्षणको अधिकार, जन्म लिन पाउने अधिकार, नाम प्राप्त गर्न पाउने अधिकार तथा जन्मपश्चात् संरक्षण र पूर्ण सुरक्षाको अधिकार पर्छन्। वास्तवमा बालबालिकाले थाहा नपाई पाउने अधिकार हुन्, जन्मसित सम्बन्धित अधिकारहरू। यी अधिकारहरू बालबालिकाको तर्फबाट हेर्दा मात्र थाहा हुन्छ, अन्यथा अभिभावकको दृष्टिबाट हेर्दा अधिकारभन्दा कर्तव्य बढी देखा पर्छ। बालिबालिकालाई बाँच्न पाउने अधिकार, लेखपढ गर्न पाउने अधिकार र अन्य दृश्यमा जे जति अधिकार देखिन्छन्, सम्भव भएसम्म तिनीहरू पाउने अधिकार हुन्छन् । फेरि पनि, जन्म लिनुभन्दा पहिलेदेखि शिशु र बाल्यावस्थासम्म बालबालिकाले जे जति अधिकार पाउनुपर्ने हुन्छ वा जन्मजात अधिकार जे जति पाउनुपर्ने हुन्छ, अधिकार शब्दको व्याख्या हुनुभन्दा धेरै पहिलेदेखि बालबालिकाले पाउँदै आएका छन्। परिवेश फरक हुन सक्छ तर हरेक बालबालिकाले मातापिताको क्षमता अनुसार ती नैसर्गिक अधिकारहरूको प्राप्ति गर्दै आएका छन्।

जसरी कतिपय अधिकार बालबालिकाले थाहा नै नपाई प्राप्त गरिरहेका वा गरिसकेका हुन्छन्, त्यसरी नै आजभोलिका बालबालिकाले थाहा नै नपाई मोबाइल चलाउन थालिसकेका हुन्छन्। जन्म दिन पाउँदा आमाबुबालाई खुशी लाग्छ, गर्वको अनुभूति हुन्छ । सम्भवतः यही समानतामा अहिले मोबाइल चलाउन थालेपछि आमाबुबालाई अनुभूति भइरहेको छ। शैशवावस्थामा नै मोबाइल थमाइदिन्छन् हातमा । हातले समाउन सक्ने क्षमता प्राप्त गरिसकेको हुँदैन कि मोबाइलका फोटो र कार्टुनका भिडियोहरू देखाउन शुरू गर्छन् । अनि मोबाइलमा जुन लाइट हुन्छ, सम्भवतः त्यसको कारणले पनि बालबालिका बढी आकर्षित हुन पुग्छन्। बिस्तारै अबोध बालबालिका एकछिन भोक सहन सक्छ तर मोबाइलविना रहन सक्दैन। रुन थाल्नुको अर्थ मोबाइल खोज्नु हो भन्ने पनि बुझिन थालिएको हो । जबकि पहिले अबोध शिशुले रुनुको अर्थ आमालाई खोज्नु हो भन्ने हुन्थ्यो। अहिले उसको आँखा सजिलै पुग्न सकिने ठाउँमा मोबाइल राखिदिनुपर्छ, मोबाइलमा कुनै कार्टुन हुनुपर्छ, चलिरहेको भिडियो, त्यसको सङ्गीत र लाइटले शिशुलाई आकर्षित गरिरहेका हुन्छन्। यसरी अबोध शिशुलाई अनजानमैं मोबाइलको लत बसाल्नु वैज्ञानिक तथा स्वास्थ्यको दृष्टिले राम्रो हो कि होइन भन्ने विचार पुर्‍याउनु उचित हुन्छ।

मानिसको सिकाइ गर्भदेखि नै हुन्छ भन्ने उदाहरण दिनको लागि धेरै ठाउँमा अभिमन्युको दृष्टान्त दिइन्छ। अभिमन्युले गर्भमा हुँदा नै चक्रव्यूहको कुरा सुनेका थिए । सुनेर धेरै कुरा सिकेका थिए । भनिन्छ, मानिसको सिकाइ गर्भबाटै हुन्छ। आधुनिक युगमा पनि यस कुरालाई केही हदसम्म सबैले मानेका छन् कि गर्भदेखि नै बालबालिकालाई स्वस्थ राख्नुपर्छ । मस्तिष्कको विकास, शरीरको विकास आदि कतिपय आधारभूत गुण पनि गर्भमैं विकास हुन्छ । यसैले चिकित्सकहरूले पनि बताउने गरेका छन् र समाजमा भनाइ पनि छ कि कतिपय गुण वा विशेषता जन्मजात हुन्छन् । जन्मजात हुने कतिपय गुणलाई परिवर्तन गर्न निकै कठिन हुन्छ वा असम्भव हुन्छ । यस कारण गर्भमा नै पनि सिकाइ हुन्छ भन्ने कुरालाई प्रत्यक्ष वा परोक्षरूपमा समाजले मानेको हुन्छ ।

बालबच्चा रहरले कि करले जन्माउने हो ? रहरले जन्माउने वा करले जन्माउने सवाल फरक हुन सक्ला तर सन्तानको मायामा पनि यसरी भेद ल्याउन उचित होला ? सन्तानलाई त हरेक मातापिताले उत्तिकै प्रेम गर्छन् । मातापिताले गर्ने प्रेमले नै बालबालिका केही हुन पाउँछन्, केही बन्न पाउँछन्। अनि यो पनि सत्य हो कि कोही पनि अभिभावक आफ्ना सन्तानलाई कमजोर होओस् भन्ने चाहँदैनन् तर जानी नजानी मोबाइलको कुलतमा फसेको कसरी देखिरहन्छन्, देखिसहन्छन् । कतिपय देशले अहिले सामाजिक सञ्जाल चलाउन पाउने उमेरबारे विचार गरिरहेका छन्। हो, हाम्रो समाजको लागि मोबाइल नयाँ हो। यसैले अहिले पनि प्रौढ पुस्ताले मोबाइलबारे धेरै जानकारी राख्दैन, जति नयाँ पुस्ताले राख्छ । यो फरक विषय अवश्य हो तर अभिभावकले विचार गर्नुपर्ने पक्ष चाहिं बालबालिकालाई कसरी मोबाइलको कुलतबाट बचाउने ? मोबाइलको कुलतबाट हुन सक्ने हानिनोक्सानीबारे पनि जानकारी लिनु उचित हुन्छ । आजभोजि बाल स्वास्थ्यसम्बन्धी जानकारीहरूमा अबोध बालबालिकालाई मोबाइलबाट टाढा राख्नुपर्ने सन्दर्भहरू आइरहन्छन् र मोबाइलको कुलतमा फसेपछि बालबालिकाहरूमा विभिन्न समस्या आउने गरेको पनि सन्दर्भहरूमा आइरहन्छन् । यसैले सम्भव भएसम्म बालबालिकालाई मोबाइलको कुलतबाट अभिभावकले टाढा राख्ने प्रयास गर्नुपर्छ।


आजभोलिका बालबालिकालाई मोबाइल नसिकाउने होइन, अझ हामी उनीहरूबाटै सिक्नुपर्छ तर उपयोग र दुरुपयोगमा भिन्नता छ। बालबालिकालाई मोबाइलमा अभ्यस्त बनाउनु र मोबाइलको कुलतमा फस्न दिनुमा पनि आकाश–जमीनको भिन्नता छ। बालबालिकालाई मोबाइलबाट बचाउनेभन्दा पनि मोबाइलको कुलत वा दुरुपयोगबाट बचाउनुपर्छ । मोबाइलको कुलतले बालबालिकालाई मोबाइलविना केही पनि राम्रो नलाग्ने बन्दै जाने हुन्छ। कतिपय बालबालिका तथा किशोरलाई पनि मोबाइलको गेम खेल्न यति धेरै मन लाग्छ कि त्यो गेमबाहेक अरू केही पनि मन पर्दैन। गेम खेलेको कुरोलाई अभिभावकले किन खेलेको भन्ने प्रश्न गर्ने हो भने झ्वाट्टै रिसाउँछ। भनिन्छ, मोबाइल धेरै खेलेर नै यस प्रकारको रिसाउने बानी परेको हो। कतिपय त पढाइभन्दा बढी मोबाइल चलाएको र पढाइलाई ध्यानै नदिनेसम्मको कुलतमा परिसकेका हुन्छन्। पढाइलाई बिगारेर मोबाइललाई प्राथमिकता दिनु भनेको साँच्चीकै कुलतमा परिसकेको हो भन्ने कुरा अभिभावकले पनि बुझ्नुपर्छ। यस प्रकारको कुलतबाट बालबालिकालाई जोगाउनु अभिभावकको कर्तव्य हो। वास्तवमा अहिलेको समयको लागि भन्ने हो भने धर्म हो । उसो भए बालबालिकालाई मोबाइलबाट जोगाउन के के गर्न सकिन्छ त ? केही उपायबारे पनि विचार गरिरहनुपर्छ अन्यथा आफ्नो घरमा मोबाइल चलाउन नदिएपछि अरूको घरमा वा अरू साथीसित मोबाइल चलाउन पल्किन बेर लाग्दैन ।

मोबाइलले राम्रो कुरो पनि सिकाउँछ र खराब कुरो पनि । राम्रो र खराब छुट्याउन नसकिने बानीको विकास पनि गराउँछ । यसबाट जोगाउनको लागि बालबालिकालाई साहित्य सुनाउन सकिन्छ। बालबालिकालाई मन पर्ने किसिमको साहित्य पढाउन सकिन्छ । हो, हाम्रो क्षेत्रमा बालसाहित्यको अवस्था निकै कमजोर छ तर समाजमा बालसाहित्यको अवस्था कमजोर छैन । अहिलेका प्रौढहरूसित लोककथाको अक्षय भण्डार छ । यदि अभिभावकले चाहने हो भने यस प्रकारका कथाहरूको पुनर्कथन शुरू हुन सक्छ । र अझ यदि चाहने हो भने पत्रपत्रिकाहरूले प्रकाशन गर्न सक्छन् र यदि पढ्नलाई फुर्सद हुँदैन भने हाम्रो समाजको होइन, अन्यत्रका बालकथाहरू इन्टरनेटमा पर्याप्त छन् । यदि आफ्ना बालबालिकालाई सपार्न खोज्ने हो भने हरेकले अध्ययन गर्न सक्छौं । सक्नेले लेख्न सक्छौं । भनिन्छ, विकृतिको गति निकै तीव्र हुन्छ। हाम्रो समाजमा मोबाइलको विकृति निकै तीव्र गतिमा फैलिइसकेको छ र यस विकृतिले बालबालिकालाई निकै हानि गरिरहेको छ। कुनै पनि विकृतिलाई समाजबाट हटाउन सजिलो हुँदैन। हाम्रो समाजमा विकृतिको रूपमा पसिसकेको मोबाइलको बानीलाई हटाउन अलिकति कडा परिश्रम नै गर्नुपर्छ।

आफूसित फुर्सद नभएको बेलामा मोबाइल दिएर फकाउने वा अल्झाउने बानी अभिभावकलाई पनि परिसकेको छ । सबैभन्दा पहिले त यसै बानीलाई सुधार गर्नुपरेको छ। बानीलाई सुधार गर्नु भनेको अलिकति आत्मसंयम पनि हो । अलिकति सङ्घर्ष पनि हो र अलिकति आत्मानुशासनको पालना गर्नु पनि हो । जब आफू यी कुरामा ध्यान दिन थाल्छौं, तब बालबालिकालाई पनि यस्ता कुरामा ध्यान दिन सजिलो हुन्छ। बालबालिकाहरूलाई मोबाइलमा जतिधेरै पल्किन प्रेरित गर्छौं, त्यो दलदलमा फसेजस्तै फस्दै जाने अवस्थाको सिर्जना हुन्छ तर बालबालिकाहरू आनन्द मानिरहन्छन्। यसको विकल्प पत्रिका नै हो, पुस्तक नै हो। पत्रिका र पुस्तकमा आफू पनि अल्झिने र बालबच्चालाई पनि अल्झाउने हो भने मात्र केही हदसम्म घरमा नै देखेर बालबच्चा सिक्न थाल्छन् अन्यथा आफूले नै भन्ने एकथोक र गर्ने अरूथोक हो भने उही एकातिर जान अर्कोतिर हिंडेको ठहरिन्छ। अहिले हामी अध्ययनलाई यसरी ठानेका छौं कि त्यो एक जमानाको कुरो हो। यदि कुनै पनि शिक्षित समुदायलाई देख्ने वा विचार गर्ने हो भने अध्ययन जहिले पनि वर्तमानको पक्ष हुन्छ र बालसाहित्यको अध्ययन त हरेक अभिभावकको लागि सदैव वर्तमानको सरोकार हुन्छ। युग सुहाउँदा कथाहरू र बालरुचिका अन्य पक्षहरूको जानकारीको लागि बालसाहित्यको अध्ययन गर्नु तथा गराउनु अनिवार्य छ।

बालसाहित्यका आधुनिक पक्ष पनि निकै बलियो छ । यदि विचार गर्ने हो भने देश र विदेशमा बालसाहित्यका कृतिहरू निरन्तर प्रकाशन भइरहेका छन्। र अलिकति सुखद पक्ष कहाँनेर भेटिन्छ भने बालसाहित्यका कृतिहरू नेपालीमा पनि पर्याप्त प्रकाशन भइरहेका छन् । बालबालिकाहरू पनि बाक्लो मात्रामा साहित्यतिर आकर्षित भइरहेका छन् । नेपाली साहित्यको एउटा अङ्गको रूपमा बालसाहित्य स्थापित भइसकेको छ । बालबालिकाहरूमा मोबाइलको कुलतभन्दा साहित्यको लत राम्रो हो भन्ने कुरा कतिपय सन्दर्भमा परिसकेको पाइन्छ, कतिपय जिल्लामा यो प्रवृत्ति देखिन्छ। यसैले सम्भव भएसम्म बालबालिकालाई उनीहरूको मनपर्ने विधाको साहित्यमा अभ्यस्त बनाउने प्रयास हरेक अभिभावकले गर्नुपर्छ।

# किताब पढ्ने भूत



संस्मरण


जगदीशप्रसाद शर्मा


अरेबियन नाइट्स पढिसकेपछि, भविष्यमा आफ्ना सन्तानलाई यसका रमाइला कथाहरू पढेर सुनाउँला भन्ने ठूलो इच्छा थियो। तर सन्तानहरू हुर्कंदै जाँदा आफू आजीविकाको खोजमा यतिसम्म रल्लिए कि न सुत्ने ठेकान न उठ्ने । तर कहिलेकाहीं यसो मेसो मिलाएर सुनाउन खोज्दा उनीहरूले चाख नदेखाइदिने । पुस्तकहरूप्रति चाख नहुने कुरा मेरा दोस्रो पुस्ताका सबै सन्तानमा देखा पर्‍यो । सन्तोष गरें, तेस्रो पुस्ताको पालामा आफूलाई फुर्सद पनि हुन्छ अनि उनीहरूलाई नै सुनाउँला ।

समयक्रममा तेस्रो पुस्ता पनि जन्म्यो, हुर्क्यो, तर अरेबियन नाइट्सका कथा सुनाएर उनीहरूमा पुस्तक पढ्ने जिज्ञासा जगाउने अभीष्ट पूरा हुन पाएन। बरु यस पुस्ताले राति सुत्ने बेला बाबा, कथा सुनाउनुस् न, चाहिं भनिरहे । तिनैमध्ये जेठी नातिनीले मेरो बानी पछ्याइन्। र अब वयस्क भइसकेकी उनी खूबै किताब पढ्छिन् र मेरा लागि पनि साँचेर राखिदिन्छिन् । अब पुस्तकहरूको आदानप्रदान एकै परिवारमा हुँदा पुस्तकहरू हराउने समस्या धेरैजसो समाधान भएको छ । तर हाम्रो समाज न हो, कोही न कोही उपद्रवी फेला परिहाल्छन् ।

तिनै स्टिभले म अमेरिकन लेखक अर्नेस्ट हेमिङ्वेलाई मन पराउँछु भनेर उनका केही पुस्तकहरू पठाइदिएका थिए। केही पढेको थिएँ, केही पढ्नै बाँकी थियो, कहाँ बेपत्ता भयो कहाँ, केही चाल पाइनँ। वर्षौं बित्यो, मैले पुस्तक हराएको कुरा बिर्सि पनि सकेको थिएँ । एक दिन एकजना साथीको घर गएको थिएँ। उनी घरमा रहेनछन्, फर्कनै लागेको थिएँ, उनकी पत्नीले केही बेर बस्नुस् न, उहाँ आइपुग्नै लाग्नुभयो भनेर जिद्दी गरिन्। "म बसेर के गरूँ, तपाईं भान्सामा, एक्लै धुमधुम्ती के बस्नु ..." भन्न पाएको थिइनँ, उनले ऊ त्यहाँ आलमारीमा पुस्तकहरू छन्, पढ्दै गर्नुस् भनेर आलमारी देखाइदिइन्। त्यो आलमारीमा माथि नै मकहाँबाट हराएका पुस्तकहरूको चाङ थियो । सम्झनामा भए जति पुस्तकहरू बोकें र भाउजूलाई धन्यवाद दिंदै हिंडें। तर यस्तो सौभाग्य हराएका अरू पुस्तकहरूका लागि आजसम्म जुरेको छैन।

एउटा यस्तै अविस्मरणीय घटना छ, एउटा पुस्तक फेला पारेको । भन्छन् नि ! नपत्याउने खोलाले बगाउँछ । यो पुस्तक प्राप्ति त्यस्तै अपत्यारिलो किसिमले भयो। पुस्तकको नाम हो 'सिद्धार्थ'। यो जर्मन लेखक हर्मन हेसले लेखेका हुन्। वीरगंजमा एकताका एकजना ठूला पढाकू थिए। उनैले यस पुस्तकको चर्चा गरेका थिए । उनी र मबीच पुस्तकहरूको आदानप्रदान तारन्तार भइरहन्थ्यो । उनीबारे एउटा रहस्य खोल्दा अब पछुतो पनि लाग्नेछैन–उनले मेरा धेरै पुस्तक पचाएर बसिदिए।

पुस्तकको नाम त सुनियो, आफ्नो देशमा जन्मेका सिद्धार्थ–विदेशी लेखकले के लेख्यो होला भन्ने कौतूहल थियो । यद्यपि पढेपछि थाहा भयो पुस्तक सिद्धार्थबारे होइन, सिद्धार्थका अनुभवहरू अनुगमन गरेको कुरासँग सम्बन्धित रहेछ। यो पुस्तक खोज्न पनि निकै कठिनाइ भयो, किनभने प्रकाशकको अत्तोपत्तो थिएन। धेरै प्रकाशकलाई पत्र लेखें । त्यस जमानामा आजको जस्तो सर्वज्ञाता 'गूगल' थिएन कि यसो बटन थिचूँ र सबै जानकारी प्राप्त भइहालोस्। मलाई लाग्छ सबैभन्दा लामो पर्खाइ यो पुस्तक प्राप्तिका लागि गरें। पर्खाइ मात्र होइन, खोजाइ पनि।

संयोग कसरी जुर्‍यो भने एकदिन हामी तीनजना साथी काठमाडौं जाँदै थियौं, हवाईजहाज चढेर । म फुङ्गो भएपनि साथीहरूसँग सुटकेसहरू थिए। काठमाडौं विमानस्थल पुगेपछि एउटा ट्याक्सी लियौं र ... जान भन्यौं। सामान धेरै भएकाले ट्याक्सीले हामी बस्ने गरेको लजमुनि नै पुर्‍याइदिन्छ भनेर ढुक्क थियौं । त्यो थियो 'दीपक लज'। प्रायः मध्यमवर्गीय वीरगंजेलीहरूको काठमाडौं बस्दा पायक पर्ने ठाउँ ।

नयाँ रोडको, पहिले अमेरिकन लाइब्रेरी रहेको भवनको, उत्तर बाटो छिरेर पूर्व लाग्नेबित्तिकै दीपक लज आउँथ्यो। तर त्यो दिन के भयो कुन्नि, ट्राफिक प्रहरीले केही सय मिटर वरै ट्याक्सी रोकेर–'कि सीधा जानुस्, दायाँ जान पाइँदैन' भन्यो । जतिकै हारगुहार गर्दा पनि केही लागेन । भारी सुटकेस बोकेर झन्डै चार सयजति मिटरको दूरी पार गर्न सकसपूर्ण थियो। फेरि विमान चढेर राजधानी आएका हामीलाई, सुटकेस बोकेर हिंड्दा प्रतिष्ठा घट्नेजस्तो, मध्यमवर्गीय मानसिकताले पनि गाँजिरहेको थियो। यद्यपि मसँग एउटा झोला मात्र थियो । दिक्क भएर ट्याक्सीबाट ओर्लें र फूटपाथमा साथीहरू पनि ओर्लने प्रतीक्षा गर्न थालें ।

म उभिएको नयाँ रोडको दक्षिणपट्टि फूटपाथमा मेरै छेउमा, हामीकहाँ हुने पानपसल आकारको, एउटा सानो कोठा थियो । त्यहाँ भुइँमैं किताबहरू छरिएर रहेको देखें। मानिस भने कोही थिएन। एउटा सानो कोठा र भुइँमा छरिएका केही पुस्तक। त्यतिकैमा एकजना व्यक्ति हातमा सकी नसकी गोटा पचासेक पुस्तक बोकेर हस्याङफस्याङ गर्दै आइपुगे। मेरो जिज्ञासामा उनले भने आजै पसल खोल्न भनेर पुस्तकहरू ओसारिरहेको छु ।

कहाँ–कहाँ खोजेको पुस्तक यो जाबो पसलमा के पाइएला ! तर कुनै मूल्यवान् वस्तु हराएको मानिस मतिभ्रम भएर आफू नगएको ठाउँमा पनि हराएको वस्तु खोज्छ भनेजस्तै मैले इज्जत नै जाला कि जस्तो गरेर सोधें–"भर्खर पुस्तकहरू ओसार्दै हुनुहुन्छ, मलाई एउटा पुस्तक चाहिएको थियो । तपाईंसँग होला ?" उनको 'कुन पुस्तक'को जवाफमा, मैले सिद्धार्थ भन्नै पाएको थिइनँ, उनले कुनै जादूगरजस्तै झर्कै नमानी आफूले बोकेकै पुस्तकहरूबाट छानेर एउटा मध्यम आकारको पुस्तक मेरो हातमा थमाइदिए। घोर आश्चर्य, त्यो हरमन हेसकै 'सिद्धार्थ' थियो। मेरो खुशी त छताछुल्ल भएर नयाँ सडकमैं छरिएलाजस्तो पो भयो । एक मन आयो आर्किमिडिजले 'युरेका युरेका' भन्दै नाङ्गै सडकमा कराउँदै हिंडेकोजस्तो गरूँ ! तर मैले यो सफलता पाउँदा आर्किमिडिजजस्तो नाङ्गो थिइनँ। आधा अधूरा नक्कल के गर्नु ? मुटुमा ढाडिंदै आएको खुशी रोक्दै साथीहरूतिर गर्विलो अनुहार लगाएर छाती फुकाएर हेर्न खोजेको त, न साथीहरू थिए, न ट्याक्सी नै । भएको के रहेछ भने म उभिएको ठाउँको ठीक उत्तरपट्टि पनि एउटा बाटो थियो, त्यो पश्चिम घुमेर उत्तर लाग्दै अनि पूर्व लागेर लजसम्म पुग्छ। उनीहरूले एक/दुई पटक मलाई बोलाएका रहेछन्, तर ट्राफिक प्रहरीको दबाबले धेरै बेर कुर्न नसकेर हिंडेका रहेछन् ।

पुस्तकसम्बन्धी यस्ता कथा–व्यथाहरू धेरै छन् । यी केही घटना मर्मस्पर्शी, आफैंलाई गर्व लाग्ने र घत लाग्ने भएकाले उल्लेख गरेको हुँ । यसो त तिनताक समरसेट मामले आफूले पढेका विश्वका १० सबैभन्दा राम्रा पुस्तक रोजेका थिए। तीमध्ये पनि प्रायः पुस्तकहरू फेला पारेर धेरैजसो पढें पनि । तीमध्ये रेड एन्ड ब्ल्याक, मोबी डिक, वुदरिङ हाइट्स, प्राइड एन्ड प्रेजिडचुस आदिको विषयवस्तु धेरै बिर्सिसकें पनि नाम चाहिं स्मृतिकोशमा छ।

यो शृङ्खला चुँडाउनु पहिले एउटा कुरा के भन्न मन लागेको छ भने अहिलेसम्मको वृत्तान्त अङ्ग्रेजी पुस्तकहरूबारे मात्रै रह्यो। जुन समयमा म किताबहरू खोजीखोजी पढ्थें, त्यो बेला नेपाली पुस्तकहरू त प्रायः अप्राप्य नै थिए, हिन्दी पुस्तकहरू भने खूबै पढ्न पाएँ। यस सन्दर्भमा सम्झना के छ भने पहिलो नेपाली उपन्यास 'हुरीको चरा', पहिलो अङ्ग्रेजी उपन्यास 'गूड अर्थ' र पहिलो हिन्दी उपन्यास, तर अनुवादित 'रे इन्सान, इन्सान बन' थियो। इति !

# मदिरामा किन पानी मिसाउँछन् भारतीयहरू

आजको समयमा अधिकांश मानिस मदिरा पिउने गर्छन् । कोही शौकको रूपमा पिउँछन् भने, कसैलाई मदिरा पिउने लत लागेको हुन्छ ।

धेरै मानिस मदिरामा पानी वा सोडा वा चीसो पेय पदार्थ मिसाएर पिउने गर्छन् । मदिरामा पानी हाल्ने चलन भारतमा अलि बढी छ। प्रत्येक भारतीय पानी, सोडा, कोक, जुस र अन्य धेरै प्रकारका पदार्थ मदिरामा मिसाएर पिउँछन्। तर मदिरामा पानी र अन्य चीज मिसाएर किन पिउने गरिन्छ, कारण कमैलाई थाहा होला।

एक रिपोर्टको अनुसार भारतका धेरै मदिरा कम्पनीले मदिरा तयार गर्न मोलासिसको प्रयोग गर्छन् । भारतीय मध्यम ह्विस्की ब्रान्डहरूले माल्टका साथ मोलासिस पनि प्रयोग गर्छन् किनभने भारतमा यसमाथि कुनै कानूनी प्रतिबन्ध छैन।

वास्तवमा, मोलासिस उखुबाट चिनी तयार गर्दा बन्ने गाढा रङ्गको उप–उत्पादन हो । फर्मेन्टेशनको प्रक्रियाको बेला मोलासिसलाई डिस्टिल गरेर मदिरा तयार गरिन्छ। अधिकांश आइएमएफएल (इन्डियन मेड फरेन लिकर)को आधार



यसैबाट तयार गरिन्छ। यस्तो अवस्थामा जब यी भारतीय मदिराहरू कुनै पनि

(बाँकी चौथो पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



**हरिकृष्ण बराल**
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

यदि मेरो दाहिने हात र देब्रे हात एकापसमा लडे भने न दायाँ हातले जित्न सक्छ, न बायाँ हातले जित्न सक्छ। जुनसुकै हातले जिते पनि म भने अवश्य हार्नेछु। यसैगरी, परमात्मा पाउने हठ गर्नु गलत कुरा हो। यहाँ केही गर्नु छैन। यहाँ केवल शान्त हुनु छ। केही गर्नु छैन। बाहिरको संसारमा केही गरेर पाइन्छ। तर भित्रकै यो लोकमा केही नगरीकन त्यो चिज प्राप्त गर्नुछ, जुन चीज पहिलेदेखि नै हामीभित्र मौजुद छ।

बाहिरको दुनियाँमा धन, पद, यश, ज्ञान होस् चाहे प्रेम होस्, हामीलाई पहिलेदेखि प्राप्त छैन। त्यसैले हामी यो प्राप्त गर्नको लागि मिहिनेत गर्नुपर्छ। मिहिनेत गरेर पनि प्राप्त हुन्छ नै भन्ने केही निश्चित छैन। कति बच्चा विद्यालय तथा कलेजमा पढ्छन्, तापनि सबै विद्यार्थीले स्नातक पास गर्न सक्दैनन्। धेरै मानिसले राजनीति गर्छन् तर सबैजना प्रधानमन्त्री बन्न सक्दैनन्। बाहिरको दुनियाँमा कोशिश, प्रतियोगिता, प्रतिस्पर्धा, हिंसा, बेइमानी काम लाग्छ। भित्र परमात्मा उपलब्ध नै छ। बाहिरको जगत्मा हामी जे पाउने कोशिश गरिरहेका छौं, त्यो हामीसँग पहिलेदेखि थिएन। यहीं हामीले धन कमाउने प्रयास गरेनौं भने धन आफैं आउँदैन। तर भित्रको कुरो उल्टो छ। भित्र सम्पदा पहिलेदेखि नै मौजुद छ। सिर्फ जागृत भएर हेर्ने र जान्ने काम मात्र छ।

परमात्मा प्राप्त गर्नको लागि सबैभन्दा ठूलो बाधा हाम्रो अहङ्कार नै हो। जुन अहङ्कारका चारवटा रूप छन्, यिनको प्राप्तिको लागि हाम्रो ऊर्जा बहिर्मुखी भएको छ। हामी बाहिरबाहिर दौडिरहेका छौं। ऊर्जा बहिर्गामी भएर बाहिरै व्यस्त भएको छ। त्यो ऊर्जाले अन्तर्यात्रा गर्न पाएकै छैन। भगवान्, परमात्मा वा ब्रह्म हामी जे भन्छौं, त्यो भनेको हाम्रो अन्तर्आत्माको पूर्ण खिलावटको नाम हो। यो अहङ्कार र अहङ्कारको जालो नै परमात्माप्राप्तिबाट रोक्ने एकमात्र बाधाको रूपमा हामी पाउँछौं। ब्रह्मभाव जान्नको लागि अहङ्कार नै पर्खाल बनेर तेर्सिन्छ। बाहिर केही बाधा छैन। बाधा हाम्रो स्वनिर्मित तथा स्वकल्पित छ, अरू कुनै बाधा छैन।

मभन्दा ठूलो भूल केही छैन। परमात्माको मार्गमा यही नै सबैभन्दा ठूलो बाधा हो। जो यो अवरोधलाई पार गर्न सक्दैन, ऊ सत्यको मार्गमा हिंड्न सक्दैन। एउटा पुरानो कथाबाट प्रस्ट पार्न चाहन्छु। धेरै वर्ष पहिलेको कुरा हो। एकजना मानिस कुनै कामविशेषले जिल्लाको सदरमुकाम जान हिंडिरहेको थियो। बाटोमा धेरै गाउँ पार गरेर सदरमुकाम पुगिन्थ्यो। हिंड्दाहिंड्दै साँझ परिसकेको थियो। घरबाट हिंडेर ऊ जुन गाउँमा पुगेको थियो, त्यो गाउँमा उसको मित्रको घर थियो। उसको मित्र साधक थियो। उसले विचार गर्‍यो, आजको रात त्यही मित्रको घरमा बास बस्नुपर्‍यो। भोलि अलि छिटै हिंडेर १० बजेसम्ममा सदरमुकाम पुग्नुपर्ला। यति कुरा मनमनै सोचेर बाटोबाट अलिकतिभित्र रहेको ऊ मित्रको घरतिर लाग्यो। रात परिसकेको हुनाले घरको ढोका बन्द थियो। मित्रको घरमा पुगेर उसले ढोका ढकढकायो, तर भित्रबाट केही आवाज आएन। उसले सोच्यो मेरो आवाज मेरो मित्रले पक्कै चिन्छ। उसले ढोकाबाहिरैबाट चिच्यायो- हे मित्र ! म हुँ ढोका खोल। घरको ढोका त खुलेन तर भित्रबाट आवाज आयो- यो कुन मुर्ख मानिस स्वयंलाई म भनेर कराइरहेको छ ? किनकि म भन्ने अधिकार परमात्माबाहेक अरू कसैलाई छैन। परमात्माको ढोकामा यही 'म'को ताल्चा लागेको छ। जसले 'म' भन्न छोडिदिन्छ, उसले थाहा पाउँछ कि परमात्माको ढोका त पहिलेदेखि नै खुलै थियो।

यस कथाबाट प्राप्त पाठलाई राम्रोसँग हृदयङ्गम गर्नुपर्छ। भित्र कुनै बन्द ढोका छैन। तर हामीलाई ढोका बन्द छ भन्ने भ्रम छ। जस्तो हामी राति सपना देख्छौं। सपना भनेको सपना हो यथार्थ हैन तापनि हामीलाई यथार्थ जस्तो लाग्छ। यही सपनाले हामीलाई वास्तविक जगत्सँग परिचित हुनबाट रोक्छ। हामीहरू सपनामैं अल्झिएका छौं, सपनामैं हराइरहेका छौं। हाम्रो वरिपरि जे भइरहेको छ, त्यसको बारेमा हामी अनभिज्ञ छौं। हाम्रो चारैतिर सत्य मौजुद छ, तर हामीभित्र रहेको अहम् भावनाले हामीलाई त्यो परम सत्यसँग मिलन हुनै दिंदैन। यस्ता ससाना सपनाले हामीलाई कसरी परम सत्यसँग मिलन हुनबाट रोक्लान् भनेर हामीलाई आश्चर्य लाग्न सक्छ। हाम्रो अहम्को भावनाले कसरी हामी ब्रह्मसँगको मिलनबाट वञ्चित हुन्छौं जस्तो लाग्छ तर हामीलाई थाहा छ हाम्रो आँखामा कसिङ्गर पर्‍यो भने हामी हाम्रै सामुन्नेमा रहेको हिमालय पनि देख्दैनौं। अलिकति आँखामा परेको फोहोरको कारणले हामी हिमालय हेर्नबाट वञ्चित हुन्छौं। ठीक यसैगरी हाम्रो मनमा रहेको अहम्को भ्रमको कारणले हामी ब्रह्ममिलनबाट वञ्चित हुन्छौं।

संसारमा मन नलाग्नु बहुतै सकारात्मक कुरा हो। संसारमा सफलता प्राप्त हुँदाहुँदै पनि निराशा महसूस हुनु आध्यात्मिक क्रान्तिको टर्निङ प्वाइन्ट हो। सामान्यतया हामीहरू निराशा, हताशा तथा अवसादलाई एकै प्रकारका ठान्छौं। तर यिनीहरूलाई दुई भागमा विभाजन गर्नु राम्रो हुन्छ। यदि कुनै कारणवश मानिसले आफ्नो मनोवाञ्छित कामनाहरू पूरा गर्न सकेन भने ऊ अवसादको शिकार हुन सक्छ, उसलाई आत्महत्या गर्ने विचार आउन थाल्छ। यस्तो मानिसलाई हामी मानसिक रोगीको संज्ञा दिन सक्छौं।

एउटा अर्को प्रकारको निराशा हुन्छ, त्यसलाई निराशा भन्नु पनि त्यति ठीक छैन। किनकि यो निराशाको पोजेटिभ फर्म हो। त्यो मानिसलाइ अवसाद नभएर वैराग्यको भावना आइरहेको हुन्छ। संसारप्रतिको उसको आसक्ति टुटिरहेको हुन्छ, मोह टुटिरहेको हुन्छ। त्यसैले यसलाई सौभाग्यको घटना मान्न सकिन्छ। साधारण भाषामा भन्दा अवसादको शिकार हुनु दुर्भाग्यपूर्ण कुरा हो भने वैराग्यको भावना उत्पन्न हुनु सौभाग्यपूर्ण कुरा हो।

यी दुवै कुरा बिल्कुलै भिन्नभिन्न कुरा हुन्। एउटाले मानिसलाई आत्महत्यातर्फ लैजान्छ भने अर्कोले आत्मरूपान्तरणतर्फ लैजान्छ। मानिसको जीवनमा एउटा टर्निङ प्वाइन्ट आउँछ। संसारमा म जे गर्न चाहन्थें, त्यो गरिसकें, जे प्राप्त गर्न चाहन्थें, त्यो प्राप्त पनि गरिसकें, तर पनि भित्र केही कमी भए जस्तो लागिरहेको छ, जीवनमा केही मजा आइरहेको छैन। जुन शान्तिको, जुन आनन्दको तलाश थियो, त्यो त प्राप्त हुनै सकेन। धन पनि धेरै कमाएँ, उच्च पदमा पनि पुगें, प्रेम पनि प्राप्त गरें, घर गृहस्थी पनि बसालें, साथीभाइ इष्टमित्र पनि धेरै छन्। ज्ञान, यश, प्रतिष्ठा सबै थोक आर्जित गरिसक्दा पनि भित्र खालीखाली लागिरहेको छ। कुनै आनन्द छैन, कुनै तृप्ति छैन, कुनै शान्ति छैन भने असली कुरा चाहिं के हो त भन्ने खालको निराशाले मानिसलाई ध्यानतर्फ उन्मुख गर्छ। यसले मानिसलाई साधनाको जगत्मा प्रवेश गराउँछ।

बाहिरबाहिर त हामीले सबै ठाउँमा खोजी गरिसक्यौं तर अहिले पनि एक ठाउँमा भने हामीले खोजी गर्न बाँकी छ। त्यो भनेको हामीभित्रको दिशा हो। बहिर्यात्रा हामीले गर्‍यौं, बाहिरका उपलब्धिहरू पनि प्राप्त गर्‍यौं, अब आफूभित्र डुबौं। अब हामी आफूलाई नै जानौं। जसले आफूभित्र यात्रा गर्न सक्छ, उसले परम सम्पदा पाउँछ। उसले परम तृप्ति, परमानन्द, सच्चिदानन्द महसूस गर्छ। यसैले संसारमा मन नलाग्ने खालको निराशालाई निराशापूर्ण अवस्था मान्नु हुँदैन। यसलाई आशापूर्ण अवस्था मान्नुपर्छ। क्रमशः

# कुलटा

कथा



**डा शिवशङ्कर यादव**
shivshankaryadav3398@gmail.com

साँवली सलोनी चन्द्रिका, आँखा ठूला-ठूला, ओंठ पातलो, कुनै पनि मेकअप जरुरी छैन, चम्पा फूलको जस्तो रङ्गको कुर्ता सरवालमा सजिएकी, एउटी ग्रामीण युवती राजीवका सामुन्ने थिइन्। उसको कटिलो, गठिलो जीउ-डाल देखेपछि राजीवले अस्वीकार गर्ने कुरै आएन ? गद्गद् भएर मनमनै भन्यो- मलाई केटी मन परिन्। छोरीका बुबा यति सुनेपछि गद्गद् भएर घर फर्के। यति ठूलो घरानामा छोरीको बिहे भइरहेको छ, यही के कम छ ? राजीव सोचिरहेका थिए मानिस गोरी केटी नै किन रोज्छन् ? केही साँवली केटी पनि कति सुन्दर हुन्छन्। गाउँले हावापानीले कसरी गढेको हुन्छ ? प्रायः साँवली केटीको देहयष्टि कसिएको गठिलो हुन्छ, जबकि गोरी केटीको मोटो र नरम।

केटीका बुबाले राजीवलाई छोरी देखाउन ल्याएका थिए। आजभोलि मधेसमा पनि आमाबुबाले मात्र हेरेर बिहे गर्ने चलन हराइसकेको छ। केटाले पनि केटीलाई हेरेपछि नै बिहे हुन्छ। यसका लागि केटीलाई कुनै बजार, होटेल वा कहिलेकाहीं चौबाटोमा देखाउने गरिन्छ। केटाले स्वीकृति दिएपछि कुरा अघि बढ्छ। यो सौभाग्य केटीलाई हुँदैन। चन्द्रिकालाई यही प्रयोजनका लागि शहर ल्याइएको थियो। आमाबुबालाई दाइजोको लोभ त हुन्छ नै, आजभोलि केही केटा पनि दाइजोमा गच्छे अनुसार बाइक र कार आदिको फर्माइश गरी टोपल्छन्। तर यहाँ उल्टो देखियो। राजीवका बुबा धनले मात्र धनी थिएनन्, मनका पनि धनी थिए। केटाले केटी मन पराएपछि अरू केही चाहिंदैन। बुहारी घर आओस् र बुढेसकालमा सहारा पाइयोस्। तर केटा कहाँ मान्नेवाला थियो ? बाइक, गरगहना र बिहेको सम्पूर्ण खर्च चन्द्रिकाको बुबासँग लिएरै छाड्यो, जबकि आफू निठल्ला र बुबामाथि आश्रित थियो।

बिहे भयो। दुलही घरमा भित्र्याएपछि बुबा पहिलोचोटि उसको रूप देखेर गद्गद् भए। बुहारीको स्वभाव र पाककला देखेर झन् मुग्ध भए। बूढाबूढीको ओछ्यान लगाउनेलगायत खानपिनको पूर्ण ख्याल राख्न थालिन्। बूढाबूढीको हेरचाह र उनीहरूको आवश्यकताबारे सहज, सतर्क रहने बुहारीले धर्म नै बनाइन्।

यस्ती बुहारी पाएर कुन सासू-ससुरा धन्य हुँदैनन् ? पढेलेखेकी पनि भएकीले बुहारी आफैं बजार गई घरखर्चको सामान पनि ल्याउन थालिन् वा पतिसँग मगाउन थालिन्। ससुरा त यसरी मुग्ध भए कि चन्द्रिकालाई छोरी मानेर पढाउने विचार मात्र गरेनन्, एउटा नाम चलेको कलेजमा नामाङ्कन पनि गराइदिए। किनभने उनी विस्तृत र उदार विचारका थिए। हाम्रो समाजमा बिहेपछि केटीको पढाइ बन्द गरिदिने चलन छ। तर यहाँ त्यो देखिएन। चन्द्रिका पढ्न जान थालिन्। तर यहाँ पनि त्यही भयो, जुन प्रायः बिहेपछि हुन्छ। चन्द्रिका गर्भवती भइन्। उनकी आमाले नै छोरीको पढाइमा बन्देज लगाइन्। तब के गर्न सकिन्थ्यो ? फेरि सासू-ससुरा चन्द्रिकाको सेवा-सुश्रुषामा रमाउन थाले। समयक्रममा घरमा एउटी गोरी पुतलीको जन्म भयो। पुतली चन्द्रिकाजस्ती साँवली होइन, बुबा राजीवजस्ती गोरी थिई। सासू-ससुरा नातिनी पाएकोमा दिक्दार भएनन्, किनभने त्यस घरमा एउटी मात्र केटी जन्मने इतिहास थियो। एउटी छोरीपछि छोरा जन्म्यो। त्यसपछि परिवार नियोजनको लागि शल्यक्रिया भयो। छोरी बुबा र छोरा आमामा गएका थिए। छोरा साँवलो, कृष्णजस्तो सुन्दर र नटखट। अब त सासूससुरा नातिनातिनीको बाल-चपल गतिविधि र बुहारीको सेवाबीच स्वर्गको सिंहासनमा बसेजस्तो अनुभव गर्न थाले।

सबै राम्रो भएर पनि एउटा चिन्ताले बूढाबूढीलाई पिरोलेको थियो। छोरा त काम-धाम केही नगर्ने निठल्ला बनेर बसेको छ। उनीहरूले नातिनातिनीको नाममा केही रकम छाडेर जान चाहे। राजीवका दुवै भाइ भिन्न भएर छुट्टै घर बनाइ बस्न थालेका थिए। बूढाबूढीलाई केवल चन्द्रिकाको भरोसा थियो भने बुहारीलाई पनि सासू-ससुराकै आस थियो। बुहारीको भरोसा फलीभूत भयो। बूढाबूढीले २०/२० लाख रुपियाँ नातिनातिनी र चन्द्रिकाको खातामा फिक्स्ड डिपोजिट गरिदिए। नातिनातिनी नाबालिग हुनाले सम्पूर्ण ६० लाख रुपियाँ चन्द्रिकाकै अधिकारमा भयो। यतिमात्र होइन, आफ्नो हिस्साको घर पनि बूढाले चन्द्रिकाको नाममा लेखिदिए। दिन व्यतीत हुन थाल्यो, खुशी छचल्किरहेको थियो। चन्द्रिका माइती गएपछि उनलाई बोलाउन ससुरा नै जान्थे। माइतीमा उनी बुहारीको प्रशंसा गरेर थाक्दैनथे। चन्द्रिकाका मातापिता वा अरू कुनै छोरीको मातापितालाई योभन्दा बढी के चाहियो ?

मौसम अनुसारका फलफूल आम, कटहर बुहारीको माइतीबाट आइरहन्थ्यो। फर्सी, आलु, केरा वा अन्य सब्जी पनि त्यसमा हुन्थे। १० वर्ष कसरी बित्यो पत्तै लागेन। बुढेसकालमा सासूससुरालाई यसभन्दा बढी अरू के चाहियो ? जुन बुढापा अरूका लागि बिताउन मुश्किल हुन्छ, त्यसको १० वर्षसम्म पत्तै लागेन। बूढाबूढी अब निश्चिन्त भएर अन्तिम सास लिन सक्नेछन्। यो भवसागर यसरी नै कटोस् भने लालसा सबैको हुन्छ। नातेदार, आफन्त वा परिवार यस भवयात्रालाई सहज बनाउनकै लागि त हुन्छन्। अन्यथा सबैले एक दिन त एक्लै जानुपर्छ।

उनको घर पाँच कट्ठाको एउटा विस्तृत भूभागमा बनेको थियो। त्यसको एउटा कुनाको एक कट्ठामा केवल घर थियो, जसमा केवल छजनाको बास थियो। चन्द्रिका, राजीव, बूढाबूढी र ससाना दुई बच्चा। घरमा १० कोठा तल र दुईटा कोठा, एउटा स्टोर रूम र एउटा पूजाघर माथिल्लो तलामा थियो। एउटा कोठामा सासू, अर्कोमा ससुरा र तेस्रोमा चन्द्रिका, राजीव र बच्चाहरू एकसाथ सुत्ने गर्थे। बाँकी अन्य कोठा खाली रहन्थे। तल एउटा ठूलो बैठक कोठामा पाहुनाहरूका लागि सोफा र टिभी राखिएको थियो। त्यसैमा एउटा बैठकखाना थियो। बाँकी चार कट्ठामा आँप, लिचीको बगैंचा, लहरे अशोक र विभिन्न फूल शोभायमान थिए र बीचमा एउटा स्वीमिङ पुल बनाइएको थियो। बगैंचाको रेखदेख गर्न २० वर्षदेखि एकजना माली थिए।

बूढाको स्वास्थ्य खराब त थिएन, तर जोर्नीको दुःखाइ र हिंड्न थकान र कठिनाइ हुन लागेको थियो। अबेर रातिसम्म पढाइलेखाइ गर्नाले उनको एउटा खराब बानी थियो कि बिहान अबेर ८ बजेसम्म सुत्थे। एक दिन बिहानै ५ बजे निद्रा खुल्यो तर त्यसपछि निद्रा लागेन। बूढाले सोचे अलि घुमफिर गरूँ निद्रा लाग्छ कि ! तर निद्रा लागेन। तब छतमा केही बेर ताजा हावा खाउँ भनेर सिढी चढ्न थाले। फेरि सम्झना भयो छतको माथि र तल पनि ठूलो ताल्चा लगाइन्छ। कसरी जाने छतमा ? उनी फर्कनै लागेका थिए कि देखे छतको कोठाको गेट त खुला छ। उनी छतमा टहल्न थाले। त्यत्तिकैमा देखे कोठाको ढोकामा ताल्चा लागेको छैन। उनी कोठाको सिक्री लगाउन गए। ढोका यसो धकेलेर हेर्दा भित्रबाट बन्द थियो। उनले ढोका ढकढकाए। त्यत्तिकैमा ढोका खुल्यो र बूढालाई धक्का दिएर कोही भाग्यो। बूढो शरीरले धक्का थाम्न सकेन, भुइँमा लडे। लड्दा-लड्दै उनले देखे भाग्नेमध्ये चन्द्रिका थिईं र अर्को छिमेकको गणेशको छोरा रञ्जन थियो, जसको घरसँग बूढाको दुश्मनी चलिरहेको थियो। उनले उठ्ने कोशिश गरे, उठे पनि तर तनभन्दा मनमा धेरै चोट खाएको हुनाले सुकेको लकडीजस्तै पछारिए र उनको प्राण गयो। बूढालाई के थाहा मृत्युले डोऱ्याएर ५ बजे निद्राबाट ब्यूँझाइ छतसम्म पुर्‍याएको थियो। कसैलाई केही थाहा भएन।

केही बेरपछि चन्द्रिका र उनकी सासू बूढाको मृत शरीरमा आँसु बगाइरहेका थिए।

## लघुकथा

# साइबर प्रेम

बिहान-बिहानै फेसबूकको नशामा म सबै बिर्सन्छु। आजकल दैनिक क्रियाकलाप पनि।

आज पूर्णिमा हो क्यारे !

बिहानै उठेर हातमुख धोएर मन्दिर जानुपर्ने ज्या ...

आ फेसबूक खोल्छु, पहिले अनायासै हात पुगिगो।

वालमा एउटी केटीको फ्रेन्ड रिक्वेस्ट देखियो।

स्टाटस अपडेट गर्न छोडेर तस्वीर हेर्न मन लाग्यो।

सुन्दर आकृति, नीलो चश्मा, भावुक मुहार वाह अनायासै मन लट्ठ भो। झट्ट प्रोफाइल भ्यू गरेर हेरें। अबाउट हरमा सिङ्गल देखियो।

अविवाहित सुन्दर युवती।

दायाँबायाँ केही नसोची एसेप्ट गरिदिएँ।

धन्य भगवान् अझै मलाई हेर्नेको मन प्रफुल्ल भो।

साँझ मेसेज बक्समा उनकै म्यासेज देखियो।

फेरि कौतुहलका साथ खोलें।

साथी सम्झनुभएकोमा हार्दिक आभार ।

उनीप्रतिको आकर्षण पुनः बौरिएर आयो।

इमेल चेक गर्न छाडेर उनकै स्टाटस र प्रोफाइलमा विश्वभ्रमण गरें। केही क्षणामैं फेरि उनको मेसेन्जरमा पिलिकपिलक भयो।

मेसेन्जर एक्टिभ देखियो।

वर्षौंदेखिको चिरपरिचितझैं गफ गर्न थालिन्।

शायद म चिन्दिनँ कि या भ्रममा छु भनेर उनका फ्रेन्ड लिस्ट खोलेर हेरें। अहँ चिनेजस्तो लागेन।

मानिसभित्र अनगिन्ती लोभ र भोक छ। शरीरको, धनको, मनको, आवश्यकता र चाहनाको, अझ आकर्षक बैंसप्रतिको त के कुरा गर्नु। एउटी सुन्दरी नवयौवनाको सामीप्य को चाहँदैन र मैले पनि चिनेझैं गरी संवाद शुरू गरें। उनले नजीकबाट चिनेको जिद्दी गरिन्। शायद कसैको अनुहार मिल्यो कि मसँग। गफगाफ चले। प्रसङ्ग र प्रसङ्गविहीन औपचारिकता र सम्बोधन हजूर, तपाईं हुँदै तिमीमा पुगें।

शरीरभरिको रस पग्लिएर आउन थाल्यो। आखिर मान्छेको मन न हो गल्न कतिबेर लाग्छ।

संसार बडो विचित्रको छ, के भएर हो कुन्नी मान्छे एकै क्षणमा मान्छेसँग नजीकिन पुग्छ र काम सकिएपछि टाढिन पनि। स्वार्थमा अडेका अनगिन्ती सम्बन्धहरू क्षणमैं बन्छन् र क्षणमैं चकनाचुर भएर भत्कन्छन्।



उनका हाउभाउ र मेरो उनीप्रतिको आकर्षण चुली चढ्दै थियो। शरीर भित्रका र बाहिरका आवश्यकताका फेहरिस्त छरपस्ट भए। उनी उताबाट सर्वाङ्ग दर्शन गराउँदै थिइन्। म ...आखिर भोक दर्शन रहेछ जीवन, उनको भोकले मेरो भोकलाई जिस्काइरहेको थियो।

बद्रीप्रसाद ढकाल
चन्द्रागिरि-२, काठमाडौं

## मदिरामा ...

तरल पदार्थ नराखी 'नीट' पिइन्छ भने यसले घाँटी चिर्दै भित्र गएको अनुभव हुन्छ। मदिराको तीतोपनलाई पानी मिसाएर सन्तुलनमा राख्नु ठूलो बाध्यता हो। त्यसैले महँगो विदेशी ब्रान्डका मदिरा केही नराखी नीट पिउन सजिलो छ भन्ने कुरा मदिरा पिउनेहरूले बुझिसकेका छन्।

रिपोर्टमा ह्विस्की/रम आदिमा पानी राख्नुको एउटा कारण भारतीयहरूको खाने बानीलाई पनि मानिएको छ। रिपोर्टका अनुसार भारतमा मदिरा सधैं मसलादार स्वादको साथ पिइन्छ। यसको तीखोपन सन्तुलित गर्न पानी पिउनुपर्छ। पानी मिसाएको मदिराले पानीको जस्तै काम गर्छ र खानाको तीखोपनलाई सन्तुलनमा राख्छ।

भारतीयहरूको मदिरामा पानी मिसाउने बानीका कारण भारतमा वाइनभन्दा ह्विस्की, रम, भोड्का बढी मन पराइन्छ। वास्तवमा, वाइनमा आइस, सोडा, पानी राख्ने कुनै गुन्जाइश नै छैन। वाइनलाई केही नमिसाइ पिउनुपर्छ। मदिरा पिउने सन्दर्भमा आम भारतीयमा अनुशासन नहुनु एउटा ठूलो कारण पनि छ। रक्सीको सन्दर्भमा मानसिकता यस्तो बनिसकेको छ कि पिउँदै गर्दा 'के थाहा भोलि रहिन्छ कि रहिन्न' अर्थात् बोतल खुलेको छ यसलाई सक्काउनु नै ठूलो जिम्मेवारी हो।

मदिरा पिउन र पस्किनको लागि त 'डिक्शनरी' नै छ। मदिरा पिउनेहरूले 'नीट'को अर्थ बुझ्छन्। नीट भनेको केही पनि नथपीकन। जब बारमा नीट अर्डर गरिन्छ, तब बार टेन्डरले गिलासमा ६० वा ३० एमएल मदिरा मात्र दिन्छ।

गर्मीमा मदिराको सामान्य तापक्रम पनि उच्च हुने भएकोले भारतीय मौसम नीट पिउनका लागि त्यति अनुकूल छैन। त्यसैले कतिपयले नीट पिउने क्रममा त्यसमा 'मेटल आइस क्यूब' पनि हाल्छन्, जसले गर्दा मदिराको तापक्रम अलि कम हुन्छ। मेटल आइस क्यूबले मदिराको कन्सनट्रेशनलाई परिवर्तन गर्दैन, जसले गर्दा यसको मौलिक स्वाद कायम रहन्छ। 'अन द रक्स'को अर्थ धेरै बरफको साथ मदिरा। मदिरा पिउने आदर्श अवस्था भनेको गिलासको आधा बरफले भर्ने र यसमा मदिरा खन्याउने हो। कतिपय मानिस पहिले मदिरा राख्छन् र त्यसपछि बरफ हाल्छन्, जुन ठीक होइन।

मदिरामा पानी वा अन्य तरल पदार्थ मिसाउँदा यसको मौलिक स्वाद बिग्रन्छ भन्ने विज्ञहरूको भनाइ छ। प्रिमियम मिनरल वाटरले पनि महँगो मदिराको स्वाद बिगार्छ। शायद यही कारणले विदेशमा धेरैजसो मानिसले कुनै तरल पदार्थ नमिसाएर प्राकृतिक स्वादसहित मदिराको आनन्द लिन्छन्। यसैबीच, अहिले भारतमा महँगो सिङ्गल माल्टको साथ पिउन विशेष प्रकारको पानी बिक्री भइरहेको छ। यो उत्पादन 'ह्विस्की ब्लेन्डिङ वाटर' नामले बजारमा उपलब्ध छ। यो विशेष प्रकारको पानीले मदिराको स्वाद बढाउने बताइएको छ।

–प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## चीनमा अवकाश उमेर बढाइने

बेइजिङ, २८ भदौ/सिन्हवा

चीनले बिस्तारै सेवा निवृत्तिको उमेर बढाउने निर्णय गरेको छ ।

चिनियाँ सांसदहरूले सन् १९५० को दशकपछि पहिलोपटक कानूनीरूपमा अवकाशको उमेर क्रमशः बढाउने निर्णय स्वीकार गर्ने पक्षमा मतदान गरेका छन् ।

चौधौं राष्ट्रिय जनकाङ्ग्रेसको स्थायी समितिको ११औं अधिवेशनले पारित गरेको निर्णय अनुसार सन् २०२५ देखि शुरू हुने १५ वर्षको अवधिमा पुरुषको वैधानिक अवकाश उमेर क्रमशः ६० बाट ६३ पुऱ्याइने छ भने महिला कार्यकर्ता र महिला श्रमिकको लागि क्रमश : ५५ बाट ५८ वर्ष र ५० बाट ५५ वर्ष पुऱ्याइने छ ।

सन् २०३० देखि मासिक लाभ प्राप्त गर्नका लागि आवश्यक आधारभूत पेन्सन योगदानको न्यूनतम वर्षलाई क्रमशः १५ वर्षबाट बढाएर २० वर्षमा पुऱ्याइने छ ।

पेन्सन योगदानको न्यूनतम वर्ष पुगेपछि तीन वर्षभन्दा बढी समय अगावै स्वेच्छिक अवकाश लिन पाउने व्यवस्था गरिएको छ ।


तर यो पहिलेको वैधानिक उमेर भन्दा पहिले सेवानिवृत्त हुन अनुमति मिल्ने छैन ।

नयाँ नीतिले व्यक्तिलाई रोजगारदाताहरूसँग यस पहिले नै सम्झौता गरेको भए पनि पछिको मितिमा सेवानिवृत्ति स्थगित गर्न अनुमति दिनेछ, तर यस्तो विलम्ब तीन वर्षभन्दा बढी हुनेछैन ।

यस निर्णयले वृद्धावस्था बीमा प्रोत्साहन प्रणाली परिष्कृत गर्ने, रोजगार–पहिलो रणनीति लागू गर्ने, उनीहरूको वैधानिक सेवानिवृत्ति उमेर पार गरेका कामदारहरूको आधारभूत अधिकार र हितहरू सुनिश्चित गर्ने र वृद्ध हेरचाह र बाल हेरचाह सेवाहरू सुधार गर्ने उपायहरू पनि निर्दिष्ट गर्दछ ।

उक्त दस्तावेजमा बेरोजगार वृद्धाश्रमको कल्याण र विशेष पेशामा काम गर्नेहरूको लागि अगावै अवकाशसम्बन्धी विशेष प्रावधान समावेश गरिएको छ । चिनियाँ कम्युनिस्ट पार्टीको २० औं राष्ट्रिय महाधिवेशन र २० औं सिपिसी केन्द्रीय समितिको तेस्रो पूर्ण अधिवेशनले देशमा वैधानिक अवकाशको उमेर क्रमशः बढाउने स्पष्ट व्यवस्था गरेको छ ।

सांसदहरूले शुक्रवार पारित गरेको यो योजना चीनको औसत आयु, स्वास्थ्य अवस्था, जनसङ्ख्या संरचना, शिक्षाको स्तर र जनशक्ति आपूर्तिको विस्तृत मूल्याङ्कनका आधारमा तयार पारिएको हो । रासस



## केजरीवाललाई जमानत दिन सर्वोच्च अदालतको आदेश

नयाँ दिल्ली, २८ भदौ/एएनआई

दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई सर्वोच्च अदालतले शुक्रवार जमानत दिएको छ ।

अदालतले मदिरा नीतिसँग सम्बन्धित सिबिआईको एफआइआर मुद्दामा आम आदमी पार्टीका नेतासमेत रहेका केजरीवाललाई जमानत दिएको हो ।

अदालतले आफ्नो आदेशमा केजरीवाललाई जमानतस्वरूप १० लाख भारतीय रुपियाँ तिर्नुपर्ने बताएको छ ।

न्यायाधीश सूर्यकान्त र उज्ज्वल भुइयाँको इजलासले उक्त मुद्दाको सुनुवाइ गर्दै सेप्टेम्बर ५ मा फैसला सुरक्षित गरेको थियो ।

अदालतले केजरीवाललाई जमानतमा रिहा गर्नका यस मामिलामा उनले कुनै पनि सार्वजनिक टिप्पणी नगर्ने, उनीविरुद्ध मुद्दाको अन्तिम फैसला नहुँदासम्म अदालतमा सबै सुनुवाइका लागि उपस्थित हुनुपर्ने शर्तहरू पनि राखेको छ ।

केजरीवालले सर्वोच्च अदालतमा दुईवटा रिट दायर गरेका थिए । उनले आफ्नो मुद्दामा जमानत अस्वीकार गरिएको भन्दै यसविरुद्ध एउटा याचिका दायर गरेका थिए भने सिबिआईको गिरफ्तारीविरुद्ध दोस्रो याचिका दायर गरिएको थियो ।

केजरीवाललाई सिबिआईले प्रवर्तन निर्देशनालय (इडी) को हिरासतबाट पक्राउ गरेको थियो, जसलाई सर्वोच्च अदालतले आफ्नो आदेशमा वैध भनेको छ ।

इडीको हिरासतका क्रममा सिबिआईले पक्राउ गरेको विषयमा सर्वोच्च अदालतले भनेको थियो–"यदि कोही व्यक्ति पहिल्यै हिरासतमा छ भने उसलाई अनुसन्धानका लागि पक्राउ गर्न कुनै समस्या हुँदैन ।

केजरीवाललाई इडीको टोलीले मार्च २०२४ मा पक्राउ गरेको थियो । सन् २०२४ जुलाई १२ मा केजरीवाललाई इडी मामलामा सर्वोच्च अदालतबाट जमानत मिलेको थियो ।

तर यो जमानत पाउनु अघि सिबिआईले केजरीवाललाई गत जूनमा पक्राउ गरेको थियो । यही कारण केजरीवाल त्यति बेला जेलबाट बाहिर आउन सकेका थिएनन् ।

दिल्लीका मन्त्री आतिशी मर्लेना सिंहले केजरीवाललाई जमानत दिने अदालतको फैसलापछि भनेका छन्–"सत्यमेव जयते ।" यसको अर्थ हुन्छ–सत्य विचलित हुन सक्छ, पराजित हुन सक्दैन' ।

दिल्ली भाजपाका नेता वीरेन्द्र सचदेवाले भने–"केजरीवाललाई जमानत मिलेको हुन सक्छ तर उहाँलाई मुख्यमन्त्रीको रूपमा काम गर्ने कुनै अधिकार छैन । उहाँ मुख्यमन्त्रीको काम गर्न सक्नुहुन्न ।"

आम आदमी पार्टीका नेता मनीष सिसोदियाले अदालतको स्वतन्त्रता र सर्वोच्चताको व्याख्या गर्दै भनेका छन्–"झूट र षडयन्त्रविरुद्ध लडाइँमा सत्यको फेरि जित भएको छ । म फेरि एक पटक बाबासाहेब अम्बेडकरको सोच र दूरदर्शितालाई सलाम गर्दछु, जसले ७५ वर्ष अघि भविष्यका कुनै पनि तानाशाहविरुद्ध आम मानिसलाई बलियो बनाउनुभएको थियो ।"

लोकसभा चुनावलाई ध्यानमा राख्दै सर्वोच्च अदालतले अरविन्द केजरीवाललाई मे १० मा चुनाव प्रचारका लागि २१ दिन अर्थात् जून २ सम्म अन्तरिम जमानत दिएको थियो ।

आपका अर्का नेता तथा दिल्लीका पूर्व उपमुख्यमन्त्री मनीष सिसौदियालाई पनि केही समय पहिले यस मुद्दामा जमानत दिइएको थियो । सिसोदिया १७ महीनापछि जेलमुक्त भएका थिए भने त्यसभन्दा पहिले आप नेता सञ्जय सिंह धरौटीमा रिहा भएका थिए ।

भाजपाले केन्द्रीय निकायहरूको प्रयोग गरेर विपक्षी नेताहरूलाई झूटा आरोपमा फसाइरहेको आम आदमी पार्टीले आरोप लगाउँदै आएको छ । भाजपाले कानूनको नजरमा सबै समान भएको भन्दै यस्ता आरोपको खण्डन गरेको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – सफलता | वृष – प्रगति |
| मिथुन – वादविवाद | कर्कट – यात्रालाभ |
| सिंह – कडापरिश्रम | कन्या – सुसमाचार |
| तुला – उदरपीडा | वृश्चिक – विजय |
| धनु – धनलाभ | मकर – भाग्योदय |
| कुम्भ – बेचैनी | मीन – मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३७०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



धानखेतीको हरियाली : महोत्तरी जिल्लाको भङ्गहा नगरपालिका–२ सिड्याही गाउँमा गरिएको धानखेतीको हरियाली । तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

**आदि ...**

पीठ, काश्मीर, ज्वालादेवी, हिमाचल प्रदेश, शङ्करीदेवी, श्रीलङ्का, कामाक्षी काञ्चीपुरम्, चामुण्डेश्वरी, मैसुर, पुरुहितिका, पीठापुरम्, जोगलम्बा, तेलङ्गाना, अलोपीदेवी (माधवेश्वरी) प्रयागराज, विशालाक्षी, वाराणसी, महालक्ष्मी, कोल्हापुर र एकविरिका, माहुरगढ आदि), ५२ शक्तिपीठ, कसैले ५१ वा १०८ पनि भन्छन्, (गुह्येश्वरी, गलेश्वर, मुक्तेश्वर, बागेश्वरी, दन्तकाली, बालात्रिपुरासुन्दरी आदि), १०८ सिद्धपीठ (भद्रकाली, दक्षिणकाली, पलाञ्चोक भगवती, गढीमाई, छिन्नमस्ता, पाथीभरा, त्रिपुरासुन्दरी, उग्रतारा, मौलाकालिका) आदि छन् ।

त्यस्तै, पशुपतिनाथ र गुह्येश्वरी, हनुमानढोका, काष्ठमण्डप क्षेत्र, बूढानीलकण्ठ, स्वयम्भूनाथ, बौद्धनाथ, दक्षिणकाली, चार नारायण, चार बाराही, नौ गणेश, कृष्ण मन्दिर, महालक्ष्मी स्थान, बगलामुखी, नालाउग्रचण्डी, चण्डेश्वरी (टोखा र काभ्रेपलाञ्चोक), महाकाल, कालभैरव, सङ्टा, बगलामुखी, सर्वेश्वर (ललितपुर), मैतीदेवी, भद्रकाली, भुवनेश्वरी, तारकेश्वर, बाघभैरव, मत्स्यनारायण, डोलेश्वर, कलङ्कीमाई, दत्तात्रय, न्यातपोल पनि यात्रा गरियो ।

यसैगरी, मनकामना, पाथीभरा, अर्जुनधारा, संसारीमाता, छिन्नमस्ता, कङ्कालिनी भगवती, जानकी मन्दिर, हलेसी, बागलुङ कालिका, देवघाट, मौलाकालिका, अकलादेवी, रिडी, भैरवस्थान, रणविजयेश्वरी (तानसेन भगवती), सिद्धबाबा, बागेश्वरी, जुङ्गे महादेव, बराह क्षेत्र, चतराधाम, पिण्डेश्वर, बूढासुब्बा (सिद्धबाबा) दर्शन गरियो ।

गङ्गामाला (देउती बज्यै), सिद्धनाथ, कलपटे कालभैरव, त्रिपुरासुन्दरी, जगन्नाथ, निगलासैनी भगवती, उग्रतारा, घटालबाबा र शैलेश्वरी भगवती पनि तीर्थयात्रामा समेटिएको तस्बिर र श्रव्यदृश्य गरी करीब एक लाख अर्थात् एक 'टेराबाइट मेमोरी फुल' भएको प्रमाण देखाउँदै खनालले भने । बुद्ध इन्टरनेशनल ट्रस्ट, लन्डनका संस्थापक (दुईमध्ये एक) खनाल र टोलीले भ्रमण गरेका १३ बौद्ध तीर्थस्थलमा बौद्धनाथ, स्वयम्भूनाथ, लुम्बिनी (नेपाल), बोधगया, सारनाथ, कुशीनगर (भारत), टुथ टेम्पल, श्रीलङ्का, नेपाली गुम्बा ( केरुङ, चीन) आदि तथा शिख धर्मका ११ पवित्र तीर्थस्थल नानकना साहिब, कर्तारपुर साहिब, पन्जा साहेब र माल्जी साहिब आदि (पाकिस्तान), स्वर्णमन्दिर, अनन्तपुर साहिब, पटना साहिब, भारत आदि पनि भ्रमण गऱ्यो । "यस एक वर्षको धार्मिक यात्रामा हामीलाई कुनै दिन पनि भोको बस्नुपरेन, स्वास्थ्यमा कसैको समस्या आएन र बासको पनि समस्या परेन," खनालले ईश्वरीय आशीर्वाद सम्झँदै भने ।

नेपालका ८०, पाकिस्तानका १६, बङ्गलादेशका १२, श्रीलङ्काका आठ, चीनका पाँच र भारतका ३२९ धार्मिकस्थल तीर्थाटनका क्रममा सम्बन्धित मन्दिर, पीठ, धाम, गुरुद्वारा, गुम्बा र चैत्यका मूलगुरु, पुजारी, व्यवस्थापक, कार्यकारी प्रमुख आदिलाई पनि टोलीले भेटी ती धार्मिकस्थलहरूको संरक्षण, प्रवर्द्धन र आपसी सम्बन्ध विस्तारका लागि छलफल गर्नाका साथै बनारसमा आयोजना हुने कार्यक्रमका लागि अनौपचारिक निमन्त्रण पनि गरियो । उनका अनुसार भ्रमण तालिका जस्ता व्यवस्थापकीय तथा अन्य प्राविधिक सहयोग पुऱ्याएर भ्रमण सफल पार्नेमा अन्तर्राष्ट्रिय मैत्री समाज नेपालका सचिव सिर्जना तिम्सिना र राष्ट्रिय संस्कारधाम नेपालका प्रवक्ता विजयकुमार पन्त छन् ।

"दक्षिण एशिया र चीन–तिब्बतका सबै मन्दिर तीर्थस्थल, धाम, कुण्डलाई धार्मिक–आध्यात्मिक–भावनात्मकरूपले जोड्ने तथा नेपालका धार्मिकस्थललाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने हाम्रो भ्रमणको मुख्य उद्देश्य हो," उनले भने । उनका अनुसार धार्मिक पर्यटन प्रवर्द्धन गर्ने पनि भ्रमण–दर्शनको लक्ष्यमध्येको एक हो । दर्शन गरिएका ८० प्रतिशत तीर्थस्थललाई त धार्मिक पर्यटन गन्तव्यका रूपमा नै विकास एवं प्रवर्द्धन गर्न सकिन्छ ।

स्वदेश फिर्तापछि उनले हालसम्म उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, पूर्वउपराष्ट्रपति परमानन्द झा, पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द, नेपाली काङ्ग्रेसका नेता डा शेखर कोइराला र डा प्रकाशशरण महत, जनमत पार्टीका अध्यक्ष सिके राउत, नेकपा (एमाले) का नेता गोकुलप्रसाद बाँस्कोटा, राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, पशुपतिका मूल भट्ट रावल, संहिताशास्त्री बाँस्तोला, गोवर्द्धन पीठ, मथुरा, उत्तर प्रदेश, भारतका जगत्गुरु शङ्कराचार्य स्वामी अध्योक्षाजानन्ददेव तीर्थसँग भेटघाट गरी कैलाश–मानसरोवरलगायत विभिन्न कुण्ड र तीर्थका जलप्रसाद वितरण गरिरहेका छन् । मन्त्रिपरिषद्का तत्कालीन अध्यक्ष खिलराज रेग्मीले भने टोलीलाई अमेरिकाबाट नै शुभकामना र बधाई दिएका छन् ।

डा एपिजे अब्दुल कलाम, कोलकाताका सल्लाहकारलगायत दर्जनौं धार्मिक, सामाजिक, आध्यात्मिक, सांस्कृतिक संस्थामा संलग्न खनालले आफ्नो भ्रमणको प्रेरणा जगत्गुरु आदि शङ्कराचार्य र गुरु नानकदेव नै भएको स्पष्ट गरे । उनीहरूको पदचाप र पदचिह्न पछ्याउँदै तथा आशीर्वाद लिंदै आफूले एक वर्षका अवधिमा साढे चार सय तीर्थाटन गर्न भ्याएको उनको भनाइ छ ।

आधा दर्जन भाषाका जानकार खनाल र साथीहरूलाई धेरै मन्दिर–तीर्थस्थलमा लाम बस्नै परेन, पुजारी, गुरु, सहयोगीहरू आफैंले दर्शनको व्यवस्था मिलाइदिन्थे । पाकिस्तान, बलुचिस्तानस्थित हिङ्गलाज शक्तिपीठमा भने विदेशीलाई प्रवेश निषेधको नियम भएपनि विशेष व्यवस्था गरेर आफूलाई दर्शन गराइएको खनालले जानकारी दिए ।

त्यस्तै, भुसावल, गगनगिरिका शिष्य जगत्गुरु कल्की भगवान्ले भनेका छन्, "आदि शङ्कराचार्य र गुरुनानकभन्दा कम समयमा यतिका तीर्थको यात्रा गर्नु असाधारण र अविष्मरणीय छ । भर्खरै ५० वर्षको उमेरमा रहनुभएका प्रदीपको आध्यात्मिक जीवनका लागि मेरो आशीर्वाद छ । इतिहासमा यो घटना अवश्य लेखिन्छ ।"

आफ्नो निवास भक्तपुर, लोकन्थली आइपुगेका आफ्नो पुरानो चिनजान र सङ्गत भएका भ्रमण टोलीका संयोजक खनालसँग जलप्रसाद ग्रहण गर्दै पूर्वप्रधानमन्त्री चन्दले यसपटक दक्षिण एशियाका साढे चार सय धार्मिकस्थलमा भ्रमण, दर्शन, पूजाआजा गरी प्रसाद लिएर आएकामा स्वागत गरे । "यस भ्रमणले इतिहासमा एक किसिमले विश्वकै अभिलेख कायम गरेको छ । आदि जगत्गुरु शङ्कराचार्य र गुरुनानकदेवपछि खनालले एक वर्षमा धेरै तीर्थयात्रा गरेकामा म उहाँलाई शुभकामना दिन्छु ।"

गुहावटीका श्रीजगत्गुरु कामाख्यापुत्र हिमालय गिरि, पुना, महाराष्ट्रका स्वामी शिवकान्त, पुना, महाराष्ट्रका स्वामी शिवकान्त, केन्द्रीय संस्कृत विश्वविद्यालय, नयाँ दिल्ली, भारतका प्राडा रामबहादुर दुबे, भारत, हरिणायाका जगत्गुरु स्वामी ऋषिपाल आनन्दलगायतले आठौं शताब्दीका आदि शङ्कराचार्य तथा १६औं शताब्दीका गुरुनानकले जस्तै भ्रमण गरेका हिन्दू धर्मावलम्बी खनालको यति ठूलो उपलब्धि परमात्माको विशेष अनुकम्पाविना असम्भव रहेको जनाउँदै उनलाई हिन्दू समाजका पथप्रदर्शक बन्न प्रेरणा मिलोस् भन्ने प्रतिक्रिया दिएका छन् ।

त्रिविबाट नेपाली विषयमा स्नातकोत्तर खनाल ज्योतिर्लिङ्ग शिव एवं शक्तिपीठको दर्शन र अनुष्ठान भएकाले आफ्नो टोलीको नाम शिवशक्ति समागम राखिएको र २०८१ फागुनतिर उत्तरप्रदेश, काशी, वाराणसी, भारतमा 'शिवशक्ति समागम अनुष्ठान' पनि आयोजना गरिने जानकारी दिन्छन् ।

सो कार्यक्रममा विश्वका सनातनी धर्मावलम्बी राज्य एवं सरकार प्रमुख तथा चार शङ्कराचार्य र प्रसिद्ध गुरुहरू, धार्मिक–आध्यात्मिक अध्ययनकर्ता–अनुसन्धाता, चार धाम र चार आदिशक्तिपीठ एवं १२ ज्योतिर्लिङ्ग र ५२ शक्तिपीठ तथा अन्य प्रमुख मन्दिरका प्रमुख गुरुहरूलाई आमन्त्रण गरिने जनाइएको छ ।

अन्तर्राष्ट्रियस्तरमा नेपालको पर्यटन प्रवर्द्धन गराउन विशेष कार्ययोजना तयार गरिने र यहाँको धार्मिक पर्यटनमा जोड दिइने पनि कार्यक्रमको लक्ष्य छ । "विश्वमा अमनचयन तथा मानवजगत्मा शान्ति ल्याउनु पनि हाम्रो यात्रा र अनुष्ठानको उद्देश्य हो," युनिभर्सल तामील विश्वविद्यालय, मधुराईबाट मानार्थ विद्यावारिधि खनालले अझ स्पष्ट गरे । "तीर्थयात्रा गरेर मैले कुनै आधिकारिक अभिलेख वा कीर्तिमान राख्न मात्र खोजेको होइन । मलाई भ्रमणको चार महीना अघिदेखि यो काम गर्न मन लाग्यो र म गर्न सक्छु भन्ने आत्मविश्वास पनि जाग्यो," उनले भने ।

# सवारी दुर्घटनाको विरोधमा प्रदर्शन, सहमतिमा स्थगित

प्रस, वीरगंज, २८ भदौ/

वीरगंज महानगरपालिका–१७ अलौंस्थित एकीकृत सुरक्षा जाँच चौकी सडकमा सवारी दुर्घटनामा एकजनाको मृत्युको विषयलाई लिएर हिजोदेखि जारी प्रदर्शन शुक्रवार सहमतिमा स्थगन भएको छ ।

जिल्ला प्रशासन कार्यालय पर्सामा आज भएको वार्तामा टयाङ्करको ठक्करबाट मृत्यु भएका युवकको परिवारलाई क्षतिपूर्ति दिनेलगायतमा सहमति भएपछि हिजो दिउँसोदेखि गरिएको प्रदर्शन आज सहमतिपछि दिउँसो २ बजेबाट स्थगित भएको हो ।

प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालको कार्यकक्षमा भएको वार्तामा मृतकका परिवारलाई क्षतिपूर्तिबापत १० लाख दिने, अस्पतालमा लागेको उपचार खर्च बेहोर्ने र दुर्घटनामा क्षतिग्रस्त मोटरसाइकल मर्मत गरिदिने सहमति भएको थियो ।

वार्तामा मृतक युवकका परिवारजन, यातायात व्यवसायी, नगरप्रमुख राजेशमान सिंह, प्रहरी उपरीक्षक कुमोध ढुङ्गेल, सप्रउ राधेश्याम धिमालगायतको सहभागिता थियो । सहमति भएपछि शव नारायणी अस्पतालमा शल्यपरीक्षण गरेर परिवारजनले बुझेर अन्त्येष्टिका लागि लगेका छन् ।

वीरगंज–१७ अलौंस्थित एकीकृत सुरक्षा जाँच चौकीअगाडि हिजो दिउँसो साढे ३ बजेतिर ना.६ख ७५०३ नम्बरको टयाङ्करको ठक्करबाट ना.२९प ६९५१ नम्बरको मोटरसाइकल चालक वीरगंज–१७ अलौंका २३ वर्षीय रविकुमार साह तुराहा गम्भीर घाइते भई उपचारको क्रममा राति साढे ८ बजे मृत्यु भएको थियो ।

# ८५० जनालाई निश्शुल्क कपडा वितरण

प्रस, वीरगंज, २८ भदौ/

वीरगंज कपडा बैंकले शुक्रवार घण्टाघरमा निश्शुल्क कपडा वितरण गरेको छ । वीरगंज कपडा बैंकका सचिव कन्हैया पटेलले आज ८५० थान कपडा वितरण भएको बताए ।

वीरगंज कपडा बैंकका अध्यक्ष लालबाबू सिंहको अध्यक्षतामा भएको कार्यक्रममा संरक्षक सुरेन्द्रप्रसाद कुर्मी, सल्लाहकारहरू पन्नालाल गुप्ता, प्रकाश उपाध्याय, ओमप्रकाश सर्राफ, हुकुम सिंह राजपूत, श्रवण रायमाझी, मोनिका सिंहलगायतको सहभागिता थियो ।



कपडा बैंकले वीरगंजमा छ वर्षदेखि निश्शुल्क कपडा वितरण गर्दै आएको छ । 'हुनेले दिने नहुनेले लिने' नाराका साथ कपडा बैंक वीरगंज–८ पानीटङ्की रोडमा सञ्चालनमा छ ।

# जग्गा फिर्ता नगरेको कसूरमा मिश्र पक्राउ

नरेश यादव, पर्सागढी, २८ भदौ/

वीरगंज महानगरपालिका–२२ मनियारीका सिकेन्द्रप्रसाद यादवसँग साँवा र ब्याजबापतको रकम लिएर पनि जग्गा फिर्ता नगरेको कसूरमा पुरुषोत्तम मिश्रलाई पर्सा प्रहरीले पक्राउ गरेको छ ।

कालिकामाई गाउँपालिका–३ हरिहरपुर घर भई हाल वीरगंज महानगरपालिका–१३ राधेमाईटोलमा बस्दै आएका मिश्रले यादवसँग दुई कट्ठा पाँच धुर जग्गा आफ्नो नाममा नामसारी गर्नुका साथै पत्नी मञ्जुदेवी ब्राह्मिणको नाममा रु २० लाखको तमसुक पनि गराएर मिश्रसँग रु १८ लाख ऋण लिएका थिए । सोबापतको साँवा र ब्याज तिरेपछि मिश्रले तमसुक फिर्ता गर्न र जग्गा नामसारी गर्न नमानेपछि यादव प्रहरीको शरणमा गएका हुन् ।

प्रहरीले यादवले मिश्रसँग लिएको रकम विभिन्न चरणमा तिरेको प्रमाण हेरी तमसुक र जग्गा फिर्ताका लागि मिश्रलाई तीन दिन अघि पक्राउ गरी जिप्रका, पर्सामा राखेको छ । यादवले मिटरब्याजी सम्बन्धमा निवेदन दिएको र मिश्रलाई पक्राउ गरी सो सम्बन्धमा अनुसन्धान भइरहेको प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक भारतीले बताए ।

# पोखरीमा डुबेर युवतीको मृत्यु

प्रस, पर्सागढी, २८ भदौ/

पकाहामैनपुर गाउँपालिका–१ धोरेस्थित पोखरीमा डुबेर एकजना महिलाको मृत्यु भएको छ ।

सुरेन्द्रप्रसाद महतोकी २० वर्षीया छोरी अञ्जली महतोको पोखरीमा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ । अञ्जलीको शव बिहान स्थानीयले पोखरीमा देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

मृतकको शव शल्यपरीक्षणका लागि नारायणी अस्पताल, वीरगंज पठाइएको इलाका प्रहरी कार्यालय, पोखरियाले जनाएको छ । अञ्जलीको बिहे भारतमा भएको तर केही समयदेखि माइतमा बस्दै आएकी थिइन् । उनले आत्महत्या गरेकी हुन् वा हत्या भन्ने विषयमा यकीन भएको छैन । प्रहरीले प्रारम्भिक अनुसन्धानमा पोखरीमा डुबेर मृत्यु भएको बताएको छ ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |




## वक्तृत्वकला प्रतियोगिता सम्पन्न

प्रस, बिरुवागुठी, २८ भदौ/

६०औं राष्ट्रिय बालदिवसको उपलक्ष्यमा शुक्रवार सखुवाप्रसौनी गाउँपालिकामा अन्तरविद्यालय वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ ।

सखुवाप्रसौनी गापाको आयोजनामा दीपनारायण मावि पंचगावाँमा आयोजित 'बालबालिकामा लगानी सुनिश्चित



भविष्यको थालनी' शीर्षकमा वक्तृत्वकला प्रतियोगिता भएको थियो । प्रतियोगितामा सखुवाप्रसौनी गापाका नौवटा विद्यालय सहभागी थिए । जसमा दीपनारायण मावि प्रथम, नेरामावि महुवन दोस्रो र नेरामावि देउरवाना तृतीय भएका थिए । विजयीहरूलाई शैक्षिक सामग्रीबाट पुरस्कृत गरिएको थियो ।

यस अघि विद्यार्थी, शिक्षक, कर्मचारी, पालिका कर्मचारीहरू सम्मिलित भएर प्रभातफेरी निकालिएको थियो ।

शिक्षा शाखा प्रमुख नेपालेन्द्र साहको अध्यक्षता र प्रमुख प्रशासकीय अधिकृत राजेशप्रसाद रौनियारको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सामाजिक विकास शाखा प्रमुख विनोद यादव, महिला, बालबालिका शाखा प्रमुख किरण देवीलगायतको सहभागिता थियो ।

# खेलकूदको संसार

## खेलकूद विधेयक सर्वसम्मतीले पारित

प्रस, जनकपुरधाम, २८ भदौ/

मधेस प्रदेशसभाबाट खेलकूद विधेयक सर्वसम्मतिले पारित भएको छ । शुक्रवार बसेको प्रदेशसभा बैठकले प्रदेशमा खेलकूद विकास गर्न बनेको विधेयक पारित गरेको हो ।

प्रदेश सरकारका खेलकूद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालले प्रदेशसभामा खेलकूद विधेयक प्रस्तुत गरेका थिए । उक्त विधेयक प्रदेशसभा बैठकबाट ध्वनि मतले पारित भएको प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले घोषणा गरेका हुन् ।

सभाबाट पारित हुनु अघि विधेयकका विषयमा सदस्यहरूले राखेका जिज्ञासाहरूका बारेमा प्रदेशका खेलकूद तथा समाज कल्याण मन्त्री जयसवालले जवाफ दिएका थिए । उनले मधेस प्रदेशमा खेलकूदको स्तर माथि उठाउन, खेलाडीको मनोबल बढाउन, खेल संस्कृतिको निर्माण गरी प्रदेशमा खेलकूदमैत्री वातावरण निर्माण गर्नका लागि विधेयकले महत्त्वपूर्ण योगदान दिने विश्वास व्यक्त गरे ।

यस अघि छलफलमा भाग लिंदै नेकपा एमाले प्रदेश संसदीय दलका उपनेता दीपेन्द्र ठाकुरले मधेसमा खेलकूदको वातावरण निर्माण गर्न तथा खेलाडीको मनोबल बढाउनका लागि ऐन आवश्यक भएको बताउँदै ढिलो गरी भएपनि ऐन आएकोमा खुशी व्यक्त गरे ।

विधेयकमाथि बुधवारदेखि नै छलफल शुरू भएको थियो । शुक्रवारको बैठकमा प्रदेशसभाका सदस्यहरू जिवछी यादव, शारदादेवी थापा, बिनादेवी शर्मालगायतले सुझाव दिएका थिए ।

## पर्सा क्रिकेट सङ्घको साधारणसभा सम्पन्न

प्रस, वीरगंज, २८ भदौ/

पर्सा क्रिकेट सङ्घको वार्षिक साधारणसभा शुक्रवार सम्पन्न भएको छ । सङ्घका अध्यक्ष मनीष सिंहको अध्यक्षतामा भएको साधारणसभाको प्रमुख अतिथि क्रिकेट सङ्घ मधेस प्रदेशका सचिव सुवास जायसवालले उद्घाटन गरेका थिए ।



तस्वीरः सजल श्रेष्ठ

उनले पर्सा जिल्लाले राष्ट्रियस्तरको क्रिकेट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरिरहेको उल्लेख गरे ।

कार्यक्रममा सङ्घका प्रशिक्षक उमेश उपाध्यायले क्रिकेटको प्रवर्द्धन गर्नु आवश्यक रहेको र यस दिशामा क्रिकेट सङ्घ नेपाल सही मार्गमा अघि बढिरहेको बताए । साधारणसभामा वासुदेवलाल कर्णले प्राविधिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने बाबुजान अन्सारीले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

साधारणसभामा पर्सा क्रिकेट सङ्घले अध्यक्ष सिंहलाई क्रिकेट सङ्घ नेपाल अन्तर्गत राष्ट्रिय क्रिकेट विकास समितिमा मनोनीत भएकोमा बधाईसहित सम्मानित गरेको थियो । यसैगरी, मुर्तुजा हवारीलाई राष्ट्रिय छनोट समिति सदस्य र दाउद अन्सारीलाई क्रिकेट सङ्घ नेपालको क्रिकेट प्रतियोगिता समिति सदस्यमा चयन भएकोमा सम्मानित गरिएको थियो । यसैगरी, खेलाडी रञ्जीत कुमारलाई अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा पहिलोपटक डेब्यू गरेबापत विशेषरूपमा सम्मान प्रदान गरिएको थियो ।

कार्यक्रममा हीरालाल राउतले स्वागत र वासुदेवलाल कर्णले सहजीकरण गरेका थिए ।

# वैज्ञानिक समाजवादीको सर्लाहीमा सम्मेलन

प्रस, वीरगंज, २८ भदौ/

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपालको प्रथम सर्लाही जिल्ला सम्मेलन शुक्रवार लालबन्दीमा सम्पन्न भएको छ । सम्मेलनमा वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालको सचिवालय सदस्य बैधनाथ श्रमजीवीले नेपालको सबैभन्दा ठूलो समस्या कम्युनिस्टहरू कम्युनिस्ट जस्तो व्यवहार नदेखिनु बताए ।




मार्क्सवादी, लेनिनवादी र माओवादीहरू अध्यात्मतर्फ लागिसकेपछि कम्युनिस्ट पार्टीको बारेमा तिनका नेता र कार्यकर्ताका बारेमा भ्रम उत्पन्न हुनु स्वाभाविक भएको बताए । उनले वैज्ञानिक समाजवादी पार्टी पुरानो पार्टीहरूभन्दा अनेकौं कुरामा भिन्न रहेको दाबी गरे ।

कार्यक्रममा मिथिला भोजपुरा ब्युरो इन्चार्ज मदन प्रभातले महिलाहरूको सम्मान गर्न नसक्ने, घरपरिवारमा हिंसा गर्ने, जातीय उत्पीडन, छुवाछूत, भेदभाव जस्ता कुरालाई बढावा दिने व्यक्तिहरू वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीमा नअटाउने बताए ।

सम्मेलनले राष्ट्रिय सम्मेलनको लागि दुई महिला दुई पुरुष गरी चारजना प्रतिनिधि छनोट गरेको तथा निशान नेपाल सचिव रहनेगरी १७ सदस्यीय जिल्ला कमिटी गठन गरेको छ ।

## पूर्ववडाध्यक्ष थापाको निधन

प्रस, वीरगंज, २८ भदौ/

वीरगंज महानगरपालिका–४ का



पूर्ववडाध्यक्ष मोहन थापाको शुक्रवार बिहान काठमाडौंको शहीद गङ्गालाल हृदयकेन्द्रमा उपचारको क्रममा निधन भएको छ ।

मुटुरोगी थापालाई तीन साता अघि सो अस्पतालमा भर्ना गरिएको थियो । पेशमेकर जडान भएको कारण मुटुसम्बन्धी समस्या अनुमान गरिए पनि उनको मृत्यु निमोनियाका कारण भएको चिकित्सकले बताए ।

थापा २० दिनदेखि अस्पतालको भेन्टिलेटरमा थिए । स्व थापा वीरगंजमा भाडाको चारचक्के सवारीसाधन सञ्चालन गर्ने पहिलो व्यवसायी पनि हुन् । उनको हलो सर पसल अहिलेसम्म सञ्चालनमा छ ।

## भूक्षय न्यूनीकरणका उपाय

- बस्तीको माथिल्लो भागमा कुलो बनाइ पानीको उचित निकास दिऔं,
- घरभित्र वा वरिपरिको जमीन चिरा परेको भए सुरक्षित स्थानमा बसौं,
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं,
- जमीन चिरा परेको स्थानलाई पुरौं र सजगता अपनाऔं,
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं,
- जथाभावी डोजर/स्काभेटर प्रयोग नगरौं,
- विकास गर्दा विनाश ननिम्त्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड